# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा २०८१

# Local Disaster and Climate Resilience Framework (LDCRF)

**तयार पार्ने :**

साँफेवगर नगरपालिकाको कार्यालय, अछाम

२०८१

**सर्वाधिकार@** साँफेबगर नगरकार्यपालिकाको कार्यालय, साँफेबगर, अछाम
**योजनाको नामः** स्थानीय विपद् तथा जलवायु उत्थानशिल कार्यढाँचा (LDCRF)

**तयार गरिएको बर्षः २०८१**

**योजनाको अवधिः २०८१-०८२ देखि २०८५-०८६ सम्म (५ बर्ष)**

**आर्थिक सहयोगः**

**अन्तर्राष्ट्रिय आप्रवासन संगठन** (IOM) **काठमाडौं, नेपाल**

**सहजीकरणः**
माउन्टेन रिसर्च एण्ड डेभलपमेण्ट फाउन्डेशन प्रा.लि. काठमाण्डौ, नेपाल
Mountation Research and Development Foundation Pvt.Ltd. (**MRDF**), Kathmandu, Nepal

# साँफेबगर नगरपालिकाको कार्यालय साँफेबगर, अछाम

मिति २०८२/ ०२/ ०१

पत्र संख्या नं. २०८१/ ०८२
चलानी नं.

परिवर्तित जलवायुले कारण बिभिन्न खालका प्रकोपहरुले यस नगरपालिका अन्तर्गत रहेका समुदाय तथा स्थानीय बासिन्दाहरुलाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ। यहाँका सतप्रतिशत घरधुरीहरु विपद् जोखिम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रतिदिन प्रभावित भईरहेको सन्दर्भलाई मध्येनजर गरि साँफेबगर नगरपालिका स्तरिय स्थानीय विपद् तथा जलवायु उत्थानशिल कार्यढाँचा, २०८१ आईओएम (IOM) को आर्थिक सहयोग, साँफेबगर नगरपालिका, अछाम को समन्वय र माउण्टेन रिसर्च एण्ड डेभलपमेन्ट फाउन्डेशन (MRDF), काठमाण्डौको सहजिकरणमा साँफेबगर नगरपालिका ले तयार गरेको हो। साफेबगर नगरपालिकाले जारी गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को प्रावधान र यो विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा लक्षित प्राथमिक क्षेत्र र कार्यहरूको कार्यान्वयनका लागि सूचीकृत रणनीतिक उपाय अवलम्बन गरी तोकिएको समय सीमा भित्र यसको अपेक्षित प्रतिफललाई हासिल गर्नका लागि नगरपालिकाले आफ्ना विषयगत क्षेत्र तथा शाखा, महाशाखा मार्फत यो कार्यढाँचाको कार्यान्वियनका लागि नेतृत्व र आवश्यक समन्वय गरि साँफेबगर नगरपालिका भित्र क्रियाशील सरकारी निकायहरुले आआफ्ना वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दा गराउँदा यो कार्यढाँचाको प्रावधानलाई आधार मानेर कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने गराउने छ।नगरपालिकामा मानवीय क्षेत्रमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी संघसंस्थाहरू, सामुदायिक संघसंस्थाहरू, निजी क्षेत्र, व्यावसायिक प्रतिष्ठान, प्राज्ञीक निकाय, स्वयंसेवक, समुदाय र नागरिक समाज समेत को सहयोग र सहभागितामा यो कार्यढाँचाको कार्यान्वयन गरिनेछ। कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवश्यक श्रोत साधनहरुको व्यवस्थापन गर्न नगरपालिकाको तर्फबाट सदैब सहयोग रहने छ। यो कार्ययोजना तयारी तथा कार्यन्वयनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने आईओएम, कार्ययोजना तयारीको प्रकृयामा सहजीकरण गर्ने माउण्टेन रिसर्च एण्ड डेभलपमेन्ट फाउन्डेशन, काठमाण्डौ प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु।त्यसैगरी कार्ययोजना तयारीको प्रकृयामा सहजीकरण गर्ने अन्तर्राष्ट्रिय आप्रवासन संगठन (IOM) का प्रतिनिधि प्रतिष्ठा प्याकुरेल र माउण्टेन रिसर्च एण्ड डेभलप्मेन्ट फाउण्डेसन, काठमाण्डौका राम बहादुर मिजार, बिकाश विष्ट, सनराईज मिजार तथा यो कार्ययोजना तयारीमा अहोरात्र खटिने यस पालिकाका तथा वडाका जन प्रतिनिधिहरु, राजनैतिक दलहरु, शिक्षक, समाजसेवी, विपद व्यवस्थापन समितिका पदाधिकारीहरु, महिला, दलित लगायत सहभागी, सम्पूर्ण निकाय तथा व्यक्तिहरु प्रति धन्यवाद ज्ञापन गर्दछु। साथै साँफेबगर नगरपालिकाले सम्बद्ध संघीय निकाय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति अछाम र सरोकारवालाहरुलाई साँफेबगर नगरपालिकाद्वारा सहयोगको लागि आव्हान गर्दछ।

धन्यवाद।

राजेन्द्र बहादुर कुँवर
नगर प्रमुख
साँफेबगर नगरपालिका, अछाम

# विषयसूची


परिच्छेद १ परिचय ........ १

**१.१ पृष्ठभुमि ........ १**

**१.२ विद्यमान नीति र कानुनी व्यवस्था ........ १**

**१.३ कार्यढाँचाको उद्देश्य ........ २**

**१.४ स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा प्रक्रिया ........ ३**

परिच्छेद २ विपद् र जोखिमको बुझाई ........ ५

**२.१ साँफेवगर नगरपालिकाको सन्दर्भ ........ ५**

२.१.१ भौतिक अवस्था ........ ६

२.१.२ सामाजिक अवस्था ........ ११

**२.२ प्रकोप, सम्मुखता, संकटासन्नता, क्षमता र जोखिमको विश्लेषण ........ १४**

२.२.१ प्रकोप ........ १४

२.२.२ प्रकोपको ऐतिहासिक समयरेखा (सम्मुखता तथा संकटासन्नता सहित) ........ २०

२.२.३. बसाईं सराईका कारणहरु ........ ५५

२.२.४. फिल्डस्तरबाट आएका सम्भावित अनुकूलनका कृयाकलापहरु ........ ५५

२.२.५ वडाको जोडागत जोखिम स्तरीकरण ........ ५५

२.२.६ स्रोतको बिश्लेषण ........ ५७

२.२.७ सम्मुखता, संकटासन्नता र क्षमताको बिश्लेशण ........ ५८

२.२.८ जोखिमको बिश्लेषण ........ ५८

२.२.९ जोखिमको बिश्लेषण तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण ........ ६२

**३.१ सोच, लक्ष, रणनीति ........ ६४**

३.१.१ सोच ........ ६४

३.१.२ लक्ष्य ........ ६४

३.१.३ रणनीति ........ ६४

**३.२ विपद् जोखिम न्यूनीकरणका उपायहरू ........ ६६**

३.२.१ प्राथमिकताका क्षेत्र १- विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाई ........ ६६

३.२.२ प्राथमिकताका क्षेत्र २ स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण ........ ७०

३.२.३ प्राथमिकताका क्षेत्र ३ - उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा नीजि तथा सार्वजनिक लगानी ....................................................७३

३.२.४ प्राथमिकताका क्षेत्र ४- प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण......७५

३.२.५ प्राथमिकताका क्षेत्र ५- पुनर्लाभ, पुनस्थापना र पुननिर्माण कार्यमा बढवा....................७९

३.२.६ प्राथमिकताका क्षेत्र ६- तालिम र क्षमता अभिवृद्धि.................................................८२

३.२.७ प्राथमिकताका क्षेत्र ७- बहुप्रकोप पूर्व सूचना प्रणाली ............................................८४

३.२.८ प्राथमिकताका क्षेत्र ८- विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन.....................८५

परिच्छेद ४ कार्यढाँचाको कार्यान्वयन, बजेटको विनियोजन र विकास योजनामा मूल प्रवाहीकरण.......९४

**४ १ कार्यढाँचाको कार्यान्वयन ....................................................................... ९४**

**४.२ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानी न्यूनतम लक्ष्य............. ९४**

४.२.१ सरोकारवाला निकायहरूसँग समन्वय.................................................................९४

४ २ २ स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट...........................९५

**४.३ आवधिक र वार्षिक योजनामा मूलप्रवाहीकरण............................................................ ९५**

४.३.१ विपद् व्यवस्थापन  कोष ................................................................................९५

४.३.२ आवधिक तथा वार्षिक योजनामा मूलप्रवाहीकरण.................................................९६

**४.४ अनुगमन, मूल्याङ्कन र सिकाई..................................................................... ९६**

४.४.१ अनुगमन तथा मूल्याङ्कन...............................................................................९६

४.४.२ सिकाइ र पुनरावलोकन..................................................................................९६

परिच्छेद  ५ अनुसूचीहरु ......................................................................................९७

**अनुसूचीः १ विपद् ब्यवस्थापन समिति, नामावली साफेवगर नगरपालिका................................ ९७**

**अनुसूची २ पालिकास्तरीय तथा वडा स्तरीय गोष्ठी, लक्षित समुह छलफल तथा भिसिए सम्वन्धी फोटोहरु ......................................................................................................... ९८**

**अनुसूची ३ स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमाका चरणहरु .................. १०१**

**अनुसूची ४ नगरपालिकामा सरोकारवाला निकायहरू....................................................... १०१**

**अनुसूची ५ नगरपालिका तथा वडा स्तरीय भिसिए र लक्षित समुह छलफल सम्पन्न बैठकहरु ...... १०२**

**अनुसूची ६ पालिकाको बैठकमा उपस्थित सहभागिहरुको नामावली...................................... १०४**

## तालिकाहरुको सूची

तालिका नं. १: सडक संजालका विद्यमान अवस्था........................................................८

तालिका नं. २: साफेवगर नगरपालिकामा प्रकोपको स्तर अनुसार क्षेत्रफल........................................८

तालिका नं. ३: भू.बनोट अनुसार भू.उपयोगको अवस्था....................................................९

तालिका नं. ४: साफेवगर नगरपालिका अन्तरगत रहेका खोलानाला नदीहरुको बिबरण......................९

तालिका नं. ५: नगरपालिकामा निर्मित घरधुरीको अवस्था..................................................१०

तालिका नं. ६: साफेवगर नगरपालिका भित्र संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण.............११

तालिका नं. ७: नगरपालिकाको एक दशकको जनसंख्या, घरधुरी विवरण.......................................१२

तालिका नं. ८: अपांगताको वडागत विवरण.............................................................१२

तालिका नं. ९: नगरपालिका भित्र रहेका टोल, वस्तीहरुको विवरण.........................................१३

तालिका नं. १०: साँफेवगर नगरपालिका भित्र रहेका साना ठुला ७७ वटा पहिरो र अवस्थिति...........१४

तालिका नं. ११: जोखिम नक्साहरुको व्याख्या..........................................................१९

तालिका नं. १२: समुदायको ऐतिहासिक समयरेखा.......................................................२१

तालिका नं. १३: ऐतिहासिक समय रेखाको आधारमा साँफेबगर न.पा.मा बसाई सराई गरेका घरधुरी.....५४

तालिका नं. १४: साँफेवगर नगरपालिका, अछामको बसाई सराई गरी जाने घरधुरी र जनसंख्या विवरण.५४

तालिका नं. १५: साँफेवगर नगरपालिकाको वडागत स्तरीकरण..............................................५६

तालिका नं. १६: साफेवगर नगरपालिकाको मौसमी तथा वाली पात्रो.......................................५८

तालिका नं. १७: नगरपालिका स्तरीय प्रकोप स्तरीकरण...................................................५७

तालिका नं. १८: नगरपालिका प्रकोप पात्रो.............................................................५९

तालिका नं. १९: जोखिम बिश्लेषण......................................................................६०

तालिका नं. २०: प्राथमिकताका क्षेत्र १ को अन्तर्गतको योजना..........................................६६

तालिका नं. २१: प्राथमिकताका क्षेत्र २ अन्तर्गतको योजना ........................................................ ७०
तालिका नं. २२: प्राथमिकताका क्षेत्र ३ अन्तर्गतको योजना ........................................................ ७४
तालिका नं. २३: प्राथमिकताका क्षेत्र ४ अन्तर्गतको योजना ........................................................ ७६
तालिका नं. २४: प्राथमिकताका क्षेत्र ५ अन्तर्गतको योजना ........................................................ ८०
तालिका नं. २५: प्राथमिकताका क्षेत्र ६ अन्तर्गतको योजना ........................................................ ८२
तालिका नं. २६: प्राथमिकताका क्षेत्र ७ अन्तर्गतको योजना ........................................................ ८४
तालिका नं. २७: प्राथमिकताका क्षेत्र ८ अन्तर्गतको योजना ........................................................ ८६

## चित्रहरुको सूची


चित्र न. १, साफेवगर नगरपालिका को वडागत नक्सा.......................................................................६
चित्र न. २ साँफेवगर नगरपालिकाको भिरालोपनाको नक्सा.......................................................७
चित्र न. ३ साँफेवगर नगरपालिकामा पहिरोको अवस्था.............................................................१५
चित्र न. ४, साँफेवगर नगरपालिकामा बाढीको अवस्था..........................................................१६
चित्र न. ५, साँफेवगर नगरपालिकामा बहुप्रकोपको नक्सा......................................................१७
चित्र न. ६, साँफेवगर नगरपालिमा आगलागीको नक्सा ..........................................................१८
चित्र न. ७: वार्षिक औषत तापक्रम..........................................................................................६२
चित्र न. ८ः सन् १९७६ देखि पछिल्लो अवस्थासम्म वर्षातमा देखिएका परिवर्तन ........................६३

## परिच्छेद १ परिचय

### १.१ पृष्ठभुमि

साँफेवगर नगरपालिका सूदुरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लामा अवस्थित रहेको छ। यस नगरपालिका स्थानीय तह पुनसंरचनाका क्रममा साविकका ८ वटा गाविसहरु बैद्यनाथ, जल्पादेवी सिद्धेश्वर, मष्टामाण्डौ, नवाठाना, भागेश्वर, रिडीकोट र चण्डीका सहित बुढाकोट, घुघुरकोट, देवीस्थान, खप्तड, वाब् र पातलकोट गा.विसलाई समेटेर १४ वटा वडाहरुको संरचनागत रुपमा स्थापित भएको हो। समून्द्री सतहबाट करिब ५५० मिटरदेखि ३३०० मिटर सम्म उचाईमा अवस्थित प्राकृतिक तथा सांस्कृतिक मौलिकता रहेको यस नगरको भौगोलिक अवस्थिती २९ डिग्री ५ मिनेट ४० सेकेन्ड उत्तर देखि २९ डिग्री १६ मिनेट ४१ सेकेन्ड उत्तरी आंक्षाश र ८१ डिग्री ५३ मिनेट ४० सेकेन्ड पूर्व देखि ८२ डिग्री ३ मिनेट ५१ सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिको पूर्वमा वान्नीगढी जयगड गाँउपालिका र मेल्लेख गाँउपालिका, पश्चिममा चौरपाटी गाँउपालिका, दक्षिणमा मंगलसेन नगरपालिका र उत्तरमा बाजुरा जिल्लासँग सिमाना जोडिएको छ। नगरपालिको कुल क्षेत्रफल १६६.७३ वर्ग किमी रहेको छ, जुन जिल्लाको कुल क्षेत्रफलको ९.८५ प्रतिशत भूभाग हुनआउँछ।

मध्य पहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तर्गत रहेको यस नगरपालिका धरातलिय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेको छ। नगरपालिकाको माथिल्लो क्षेत्रमा चटनी भूभाग, पाटन र वनजंगल रहेको छ भने नदी तटीयक्षेत्र साँफेवगर लगायतको स्थानहरुमा समथर भूभाग रहेको छ। प्राकृतिक स्रोत उपलब्धताले सम्पन्न साँफेवगर नगरपालिकामा खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, एक दर्जनभन्दा बढी साना ठूला नदी तथा खोलाहरु, वालुवा लगायतका नदीजन्य खनिज चरण क्षेत्र रहेका छन्। खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रले वडा नं. १४ पातलकोट, वडा नं. ९ बुढाकोट, वडा न. ११ देविस्थान र वडा नं. १२ खप्तड क्षेत्रको भूभागलाई समेटेको छ। यस नगरपालिकामा बुढीगंगा नदी, आर्दलीगाड, जिजाडीगाड, प्रभालीगाड, छिपेखोला जस्ता नदी तथा खोलाहरु अवस्थित रहेको छ भने कैलाशखोला, लुङग्रेली गाड, इकडी गाड र बिम्कोटी खोला नगरपालिकाको सिमानाबाट बग्ने गरको छ।

### १.२ विद्यमान नीति र कानुनी व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८१ वैशाख २१ गते बसेको २२ औ बैठकले विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन स्वीकृत गरी लागू गरे पश्चात हरेक स्थानीय तहले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद् तथा जलवायु अनुकूल योजनाको सट्टा अब उप्रान्त स्थानीय विपद् तथा जलवायु उत्थानशील  कार्यढाँचा तर्जुमा गरी अगाडि बढ्नका लागि मार्ग प्रशस्त गरेको छ। उक्त मार्गदर्शनको प्रावधान अनुसारको कार्यढाँचामा विपद् तथा जलवायु परिवर्तन जोखिम को बुझाई, स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढिकरण, उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्वजनिक लगानी प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्व तयारीको सुदृढिकरण, पूनलाभ, पुनःस्थापना र पुननिर्माणमा अझ बलियो र राम्रो, तालिम र क्षमता अभिवृद्धि, बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन सहित आवश्यक समग्र चरण र कार्य पद्धतिको प्रावधान हुनुपर्ने कुरामा जोड दिईएको छ।

यस पालिकाको लागि पनि आकर्षित हुने अन्य प्रवधान अन्तर्गत सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन २०७७ ले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने, वातावरण संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, सम्पदाको संरक्षणका लागि प्रदेश वातावरण संरक्षण कोष तथा परिषदको गठन तथा अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयनको प्रावधान गरेको छ । प्रदेश वन नियमावली २०७८ अन्तर्गत रहेको काठदाउरा आपूर्ति सम्बन्धी बिशेष व्यवस्थाले विपद्को बेला नियमपूर्वक प्रभावित घरधुरीलाई काठदाउरा उपलब्ध गराउने उल्लेख

गरेको छ । प्रदेश कृषि विकास रणनीति २०७९ र ०८० ले जलवायु परिवर्तनका असरहरु संग जुध्ने सिप तथा प्रविधिहरुको प्रयोग गर्दै आयआर्जन तथा खाध्य सुरक्षाको एकिन गर्ने र कृषि प्रणालीलाई महिला मैत्री बनाउने उल्लेख गरेको छ । वातावरण संरक्षण सम्बन्धीको विधेयक २०७६ ले वावतावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापनको लागि मार्गचित्र प्रस्तुत गरेको यस विधेयकले समावेशी सिद्धान्त अवलम्वन गरेको छ ।साँफेवगर नगरपालिकाले पनि विगत देखि विपद् जोखिम तथा जलवायु परिवर्तन अनुकूलका क्षेत्रमा केही नीतिगत प्रावधानहरूको व्यवस्था गरी तिनको कार्यान्वयन गर्दै आएको छ।यस नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ जारी भएको छ। उक्त ऐनको प्रावधान अनुसार स्थानीय र वडा विपद् व्यवस्थापन समितिको गठन गरी तिनलाई क्रियाशील तुल्याएको देखिन्छ । स्थानीय विपद् व्यवस्थापन कोषको गठनका सम्बन्धमा उक्त ऐनमा यथोचित प्रावधान राखी कार्यान्वयन हुँदै आएको छ । विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ ले राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अशक्त तथा अपागंता भएका व्यक्तीहरुलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । साँफेवगर वातावरण संरक्षण ऐन २०७७ ले सहभागितामूलक तथा समावेशी प्रकृया मार्फत वातावरण संरक्षण, सम्वर्धन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनिकरणका प्रयासहरुलाई आत्मसाथ गर्दै जलवायु उत्थानशिलता अभिबृद्धि गर्ने ध्येय राखेको छ । भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०७९ मा जोखिम लगायत अन्य सम्वेदनशिल क्षेत्रहरुको वर्गिकरण सम्बन्धी प्रावधान रहेको छ । लैगिंक समानता तथा सामाजिक समावेशिकरण नीति २०७७ ले समतामूलक विकास र गरिवी न्यूनीकरणको लक्ष्य लिएको छ । उक्त कानुनी प्रावधान र यहाँको धरातली यथार्थता अनुसार साफेवगर नगरपालिकाको विपत पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ जारी गरी यसको कार्यान्वयन हुँदै आएको देखिन्छ। यहाँको वस्तुस्थितिको अध्ययन, विश्लेषण र सम्भावित जोखिमको आँकलन सहित साँफेवगर नगरपालिकाले विषयगत निकाय, क्षेत्र र साझेदार सङ्घसंस्था तथा नीकायहरु सँग समन्वय गरी अर्थपूर्ण सहभागितामा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी विभिन्न किसिमका उल्लेखनीय कार्यहरू गर्दै आइरहेको छ। नगरपालिका भित्र रहेको वन सम्पदा, जलसम्पदाको स्थिति र त्यसको उपयोग तथा सम्भावित जोखिमलाई मध्येनजर गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा २०८१ तयारी गरिएको हो।

## १.३ कार्यढाँचाको उद्देश्य

**स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको उद्देश्य देहाय बमोजिम रहेको छ।**

क) विपद् जोखिम न्यूनीकरण, पूर्व सूचना प्रणाली तथा पुनर्निर्माणका लागि सेन्डाई कार्यढाँचा (सन् २०१५-२०३०) दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) र पेरिस सम्झौता (सन् २०१५) लाई साँफेवगर नगरपालिकामा स्थानीयकरण गर्नु ।

ख) स्थानीय विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तनको मुद्दालाई मूलप्रवाहीकरण गर्नका लागि साँफेवगर नगरपालिकाको एउटा एकीकृत र समन्वयात्मक दस्तावेज तयार गर्नु ।

ग) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, स्थानीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र स्थानीय जलवायु अनुकूलन कार्ययोजनालाई थप दायित्व सिर्जना नहुनेगरी साँफेवगर नगरपालिकाको यो स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचामा समाहित गर्दै नीतिगत एकीकरण र कार्यगत सामन्जस्यता कायम राख्नु हो ।

घ) स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिगदर्शन २०८१ को कार्यान्वयनको लागि समावेशिताको सिद्धान्तलाई आत्मसाथ गर्दै विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूमा स्थानीय समुदाय र लक्षित वर्गको सहभागिता सुनिश्चित गर्नु ।

ङ) विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धिका लागि नागरिक सहभागिता बढाउँदै उनीहरूको क्षमता विकास गरी उत्थानशील जनशक्ति हरित अर्थतन्त्र र दिगो विकासको आधार तयार गर्नु ।

च) विपद् तथा जलवायुका मामिलामा साफेवगर नगरपालिकामा उत्पन्न परिस्थितिलाई आफ्नो अनुकूलन क्षमता (Adaptability) का साथ सिकाइको (Learning) अभिवृद्धि गर्दै समयानुसारको लचिलोपन (Flexibility) अपनाएर यहाँको धरातलिय यथार्थता अनुरूप स्थानीयकरण (Localization) गर्दै विपद् तथा जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु
छ) लैगिक समानतामुखि बसाईसराई, वातावरण, जलवायु परिवर्तनको समायोजनलाई प्राथमिकतामा राखी जलवायु उत्थानशिल कार्यढाँचामा समाहित गर्नु।

### १.४ स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा प्रक्रिया

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा प्रक्रिया देहाए बमोजिम रहेको छ।

**क)** स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा गर्दा नेपालको संविधानका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (प्रथम संशोधन) २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्य योजना (सन् २०१८-२०३०) र स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन २०८१ को प्रावधानलाई यो कार्यढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरूप पुनरावलोकन गरिएको छ। राष्ट्रिय जलवायु नीति २०७६, वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ र वन नियमावली २०७९ का साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना दिग्दर्शन २०७८ र १६ औं आवधिक योजनाको प्रावधानलाई यो कार्यढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरुप पुनरावलोकन गरिएको छ।

**ख)** सुदूरपश्चिम प्रदेशले जारी गरेका प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन २०८०, प्रादेशिकविपद् प्रतिकार्य ढाँचा २०८०, सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन २०७७, सुदूरपश्चिम प्रदेश वन ऐन २०७७, सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८, सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्रि बितरण निर्देशिका २०७९, सुदूरपश्चिम प्रदेश कृषि विकास रणनीति २०७९-०८०, सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका प्रावधानलाई कार्यढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरुप पुनरावलोकन गरिएको छ ।

**ग)** साँफेवगर नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७६, साँफेवगर वातावरण संरक्षण ऐन २०७७, भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०७९ साथै लैगिंक समानता, साँफेवगर नगरपालिका नविकरणीय उर्जा नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७७ उक्त कानुनी प्रावधान र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ साथै साँफेवगर नगरपालिकाले जारी गरेका विषयगत ऐन, नियम, निर्देशिका, मापदण्ड, योजना, कार्यक्रम र उपलब्ध बजेटको स्थिति समेतलाई यो कार्यढाँचा तर्जुमाको आधार मानिएको छ।

**घ)** स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्य ढाँचाको निर्माण प्रक्रियामा साँफेवगर नगरपालिकाको नेतृत्व र समन्वयमा यस नगरपालिका स्थित संघ, प्रदेश सरकारका विषयगत निकाय, सुरक्षा निकाय, सरकारी कार्यालयका साथै यस नगरपालिकाको मानवीय क्षेत्रमा क्रियाशील संघसंस्था र समुदायहरूको सहभागिता रहेको थियो ।

**ङ)** स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको विषयवस्तु र कार्यप्रक्रियाको निश्चितताकालागि नगरपालिकाका पदाधिकारीहरू, कर्मचारी, नगरपालिका स्थित संघ, प्रदेश र स्थानीय स्तरका सरकारी निकाय, सुरक्षा निकाय, मानवीय क्षेत्रमा क्रियाशील तथा सामुदायिक संघ संस्था, समुदाय र नागरिक समाजका अगुवाहरूसँग पटकपटकको बैठक, छलफल कार्यक्रमबाट विवरण संकलन र अन्तरसंवाद गरी पृष्ठपोषण लिएको थियो । यी सबै क्षेत्रबाट प्राप्त सूचना तथा सल्लाह सुझाव र साँफेवगर नगरपालिकाको प्राथमिकतालाई मध्येनजर गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा २०८१ तयार गरिएको हो।

**च)** स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको मस्यौदामा स्थानीय विपद् व्यवस्थापन समितिमा छलफल गरी प्राप्त सल्लाह सुझाव अनुसार परिमार्जित गरिएको हो । उक्त मस्यौदामा नगरपालिकाको बैठकमा छलफल गरी थप आवश्यक परिमार्जन सहित स्वीकृत गरिएको छ।यो कार्यढाँचा साँफेबगर नगरपालिकाको नगरपरिषबाट अनुमोदन गरेपश्चात कार्यान्वयनमा आउनेछ ।

**छ)** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अहिलेको आवश्यकता रहेकोछ ।११५औ अन्तर्राष्ट्रिय महिला दिवस अनुसार "सबै महिला तथा वालिकाका लागिः अधिकार, समानता र सशक्तिकरण" भनेको छ । महिलाको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धिहरूलाई आत्मसाथ गर्दै महिलाको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तिकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, विपद् तथा जलवायु परिवर्तनका समस्याहरूको बढी असर महिलाहरूमा पर्ने भएकोले जोखिमहरूको विश्लेषण गरी जलवायु अनुकूलन योजना बनाई सहयोग गर्ने, क्षमता अभिवृद्धिका साथै व्यावसायिक तालिमहरु प्रदान गरी आत्मनिर्भर बनाउने जस्ता कार्यहरु विपन्न महिलाहरूका लागि प्राथमिकता दिनुपर्ने देखिन्छ । समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको राजनीतिक तथा प्रशासनिक क्षेत्रमा अर्थपूर्ण रुपमा महिलाको सहभागिता बढ्दै गएको भएतापनि पालिकास्तरीय योजना निर्माण कार्यमा महिला, विपन्न समुदायहरुको प्रत्यक्ष रुपमा अर्थपूर्ण सहभागिता बढाउनुपर्ने देखिन्छ।

लैङ्गिक समानता तथा सामाजिक समावेशी रूपमा बसाईसराई, वातावरण, जलवायु परिवर्तनको सम्बन्धलाई सहयोग पुग्ने गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको निर्माण गरिनेछ। यो पालिका सहित नेपालमा अहिले मानिसहरू घरायसी जीविकोपार्जनका लागि, बालबच्चा पठनपाठनका लागि, व्यापार व्यवसायको खोजीका लागि, नकारात्मक वातावरणीय प्रभावबाट छुटकाराका लागि, विपद् तथा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम बहन गर्न नसकी नयाँस्थानहरूको खोजीका लागि, अत्याधिक सुखभोगका लागि, थोरै जग्गा तर उत्पादन र आम्दानी कम भएको कारण खाद्यान्न र जागिर पेशाका लागि स्थायी वा अस्थायी वा मौसमी रुपमा देश भित्र बाहिर वा गाउँ र जिल्ला बाहिर वा छिमेकी गाउँ र पालिकाहरुमा बसाई सराई तीव्र रुपमा भइरहेको देखिन्छ । उनीहरूको बसाई सराई विभिन्न कारणले भएतापनि स्वेच्छिक, व्यवस्थित र नियमित हुनुपर्ने हुन्छ। पालिकाहरूले उनीहरूका लागि नीति योजना तथा बजेट विनियोजन गर्नुपर्ने हुन्छ।

जलवायु परिवर्तन, वातावरण तथा बसाईसराईको सफल समायोजनका लागि महिलाहरुको स्थानीय स्तरमा नेतृत्व, निर्णय र नीति निर्माणमा अर्थपूर्ण सहभागिता बढाउनुपर्ने देखिन्छ ।

## परिच्छेद २ विपद् र जोखिमको बुझाई

### २.१ साँफेबगर नगरपालिकाको सन्दर्भ

सुदूरपश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लामा रहेका बिद्यमान ४ वटा नगरपालिका र ६ वटा गाउपालिका गरी जम्मा १० वटा स्थानीय तहहरु मध्ये एक साँफेबगर नगरपालिका हो। यस नगरपालिकाको केन्द्र साँफेबगर नगरपालिका वडा न. ४, मष्टमाण्डौमा रहेको छ। पूर्ववत नेपालको सुदूरपश्चिम विकास क्षेत्रमा पर्ने सेती अन्चलमा रहेको यो नगरपालिका जिल्लाभित्रको प्रतिनिधिसभा निर्वाचन क्षेत्र न. १ र प्रदेशसभा निर्वाचनका प्रयोजनका लागि तय गरिएको प्रदेश निर्वाचन क्षेत्र क अन्तरगत पर्दछ। मध्यपहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यका भित्रको समथर क्षेत्र रहेकोछ। होचा तथा अग्ला पहाडी श्रृंखलाका काखमा रहेको समथर भूबनोट रहेको यस नगरपालिकामा विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। यस क्षेत्रमा मुख्यतया नदी तटीय क्षेत्र साँफेबगर लगायतका स्थानहरूमा समथर भूभाग रहेको छ। नगरपालिकाको माथिल्लो क्षेत्रमा चट्टानी भूभाग, पाटन तथा वनजंगल रहेको देख्न सकिन्छ।

प्राकृतिक स्रोतका हिसाबले सम्पन्न साँफेबगर नगरपालिकामा खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, एक दर्जन भन्दा बढी साना ठूला नदी तथा खोलाहरू, वालुवा लगायतका नदीजन्य खनिज, चरण क्षेत्र जस्ता रहेका छन । खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रले वडा नं. १४ पातलकोट, वडा नं. ९ बुढाकोट, वडा नं. ११ देवीस्थान र वडा नं. १२ खप्तड क्षेत्रको महत्वपूर्ण भूभागलाई समेटेको छ । जलस्रोतका दृष्टिले बुढीगंगा नदी,, अर्दलीगाड (तालरवा), जिजाडीगाड, प्रभाली (सैनी) गाड, छिपेखोला सीमानामा बहने कैलाश खोला, लुग्रेलीगाड, इकडी गाड र विम्कोटी खोला रहेका छन। नगरको वडा न. १३ बाब्लामा सुकदह ताल रहेको छ। नगरको खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा थुप्रै ताल तथा सिमसार क्षेत्र रहेका छन। लोपोन्मुख प्रजातिको नौमुठे गाई र वनक्षेत्रमा डाँफे, मुनाल, घोरल, चितुवा, कस्तुरी, चितुवा, कस्तुरी, रुख प्रजातिमा देवदार, सल्लो, गुरास जस्ता वनजन्य बनस्पति पाइने गर्दछ। वनजंगल क्षेत्रमा पाइने प्रमुख जडीबुटीका रुपमा पाखनबेद, सतुवा, पाँच औले आदि रहेका छन।त्यसैगरी रानीसैन तथा बाहुल ढुंगा (मालिका मन्दिर) क्षेत्र, हाडासैन माडी (सिद्धधुनी) प्रभा, ओखीकोट भगवती मन्दिर, पातलकोट, भृगु गुफा, भृगु झरना, कालिका मन्दिर देवीस्थान, धौल छडो भेरासैन खप्तड, जाल्पादेवी मन्दिर श्रीकोट, वैद्यनाथ धाम लगायत नैनी धार्मिक तथा पर्यटकीय खप्तड रहेका छन।

मध्य पहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तर्गत रहेको यस नगरपालिका धरातलिय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेको छ। नगरपालिकाको माथिल्लो क्षेत्रमा चट्टानी भूभाग, पाटन र वनजंगल रहेको छ भने नदी तटीयक्षेत्र साँफेबगर लगायतको स्थानहरुमा समथर भूभाग रहेको छ। यस नगरपालिकामा बुढीगंगा नदी, आर्दलीगाड, जिजाडीगाड, प्रभालीगाड, छिपेखोला जस्ता नदी तथा खोलाहरु अवस्थित रहेको छ भने कैलाशखोला, लुङग्रेलीगाड, इकडी गाड र विम्कोटी खोला नगरपालिकाको सिमानाबाट बग्ने गरेको छ।

साँफेबगर नगरपालिकाको कुल १६६.७३ वर्ग किलोमिटर क्षेत्रफल मध्ये जम्मा हस्तान्तरित १२४ वटा वनले ३०५६ हेक्टर क्षेत्रमा वन रहेको छ। जसमध्ये सामुदायिक तथा मध्यवर्ति सामुदायिक वनले २७१३ र कबुलियती वन ३४३.२ हेक्टर क्षेत्रमा ओगटेको छ। यस क्षेत्रमा तल्लो पहाडी क्षेत्रका अतिरिक्त उच्च पहाडी क्षेत्रमा हुने कोणधारी वन विद्यमान रहेको देखिन्छ। प्रसिद्ध खप्तड राष्टिय निकुञ्जको क्षेत्र समेत यस क्षेत्रमा पर्दछ। लोपोन्मुख र जैविक तथा वानस्पतिक महत्वका जीव तथा वनस्पति मध्ये यो क्षेत्रमा रातो पण्डा, कस्तुरी, झारल, रतुवा, चितुवा, भालु, घोरल, बँदेल, बादर जस्ता जनावर र डाँफे, मुनाल, कालिज जस्ता चराहरूको बसोवास स्थलको रुपमा परिचित छ। त्यसैगरी लौठे सल्लो, पाखनवेद, हातेजडी, सतुवा, पाँचऔंले, अत्तिस, टिमुर, चिराइतो, पदमचाल, काकरसिरा जस्ता जडिवुटी र बाज, गुराँस, सल्लो, उत्तीस, देवदार लगायतका वनस्पति पाइन्छ।

समून्द्री सतहबाट करिब ५५० मिटरदेखि ३३०० मिटर सम्म उचाईमा अवस्थित प्राकृतिक तथा सांस्कृतिक मौलिकता रहेको यस नगरको भौगोलिक अवस्थिती २९ डिग्री ५ मिनेट ४० सेकेन्ड उत्तर देखि २९ डिग्री १६ मिनेट ४१ सेकेन्ड उत्तरी आंक्षाश र ८१ डिग्री ५३ मिनेट ४० सेकेन्ड पूर्व देखि ८२ डिग्री ३ मिनेट ५१ सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिकोको पूर्वमा वान्नीगढी जयगड गाउँपालिका र मेल्लेख गाउँपालिका, पश्चिममा चौरपाटी गाउँपालिका, दक्षिणमा मंगलसेन नगरपालिका र उत्तरमा बाजुरा जिल्लासँग सिमाना जोडिएको छ। राष्ट्रिय जनगनणा २०७८ का अनुसार साँफेवगर नगरपालिकाको कुल जनसंख्या जम्मा २५,८९१ मध्ये ११,७८९ (४५.५%) जना पुरुष र १४,१०२ (५४.५%) जना महिला रहेको छ । कुल घरपरिवार ६,३११ रहेको यस नगरपालिका मा कुल साक्षारता ७४.४% मा पुरुष साक्षरता ८७.३% र महिला साक्षरता ६४.०% रहेको पाईन्छ।

- पूर्वमा वान्नीगढी जयगड गाउँपालिका र मेल्लेख गाउँपालिका अछाम।
- उत्तरमा बाजुरा जिल्ला ।
- दक्षिणमा मंगलसेन नगरपालिका अछाम ।
- पश्चिममा चौरपाटी गाउँपालिका अछाम।




*चित्र न. १, साफेवगर नगरपालिका को वडागत नक्सा*

## २.१.१ भौतिक अवस्था

साँफेवगर नगरपालिका सामुन्द्रिक सतहबाट करिव ५५० मिटर देखि ३३०० मिटर उचाईमा अवस्थित प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता बोकेको क्षेत्र हो । भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री ५ मिनेट ४० सेकेण्ड देखि




*चित्र न. २ साँफेबगर नगरपालिकाको भिरालोपनाको नक्सा*

२९ डिग्री १६ मिनेट ४१ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ५३ मिनेट ४० सेकेण्ड देखि ८२ डिग्री ३ मिनेट ५१ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। यस नगरपालिका अछाम जिल्लाको जिल्ला सदरमुकाम मंगलसेन देखि

करीब ३७ किमीको दुरीमा उत्तर पश्चिम भागमा रहेको छ। जिल्लाको कुल क्षेत्रफलको ९.८५ प्रतिशत भुभाग ओगट्ने यस नगरपालिकाको क्षेत्रफल १६६.७३ वर्ग किमी रहेको छ।

सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामामा रहेका १० वटा स्थानीय तहहरु मध्ये साफेवगर नगरपालिका एक हो। यस नगरपालिका भित्र सबै वडा तथा समुदाय स्तरमा कच्ची मोटर बाटो पुगेको र थोरै सडकहरुमा कालोपत्रेको कार्य भैरहेको पाईन्छ।

**तालिका नं. १: सडक संजालका विद्यमान अवस्था**

| क्र.स. | सडकको वर्गिकरण | लम्बाई (कि.मि.) | सडकको औसत चौडाई | सडक सेवा पुगेका वडाहरु |
|---|---|---|---|---|
| १ | पक्की तथा कालोपत्रे | २१ | ५ | १, २, ३, ४, ६, ७, ८, १३ |
| २ | ग्राभेल | १० | ५ | १, २, ३, ४ |
| ३ | कच्ची सडक तथा मौसमी सडक | १५३.३ | | सबै वडाहरु |

यस साँफेवगर नगरपालिका भुवनोटको दृष्टिले कूल क्षेत्रफल १६९.४६ मा फैलिएको भूभागलाई देहाय बमोजिमको भू आकृति अनुसार विपद् तथा जलवायु उत्थानशिलताका कार्य संचालन गर्न सकिने सम्भावना देखिन्छ ।

**तालिका नं. २: साफेवगर नगरपालिकामा प्रकोपको स्तर अनुसार क्षेत्रफल**

| पहिरो | | | बहुप्रकोप | | |
|---|---|---|---|---|---|
| क्र.स. | स्तर | क्षेत्रफल (व.कि.मि.) | क्र.स. | स्तर | क्षेत्रफल (व.कि.मि.) |
| १ | अति कम | ९८.२९ | १ | कम | ७७.०२ |
| २ | कम | २२.४७ | २ | मध्यम | ६५.१० |
| ३ | मध्यम | २१.४३ | ३ | उच्च | २४.८९ |
| ४ | उच्च | १६.१२ | | जम्मा | १६७.०० |
| ५ | अति उच्च | ११.६९ | | | |
| | जम्मा | १६७.०० | | | |
| **बाढि** | | | **वन डढेलो (आगलागि)** | | |
| क्र.स. | स्तर | क्षेत्रफल (व.कि.मि.) | क्र.स. | स्तर | क्षेत्रफल (व.कि.मि.) |
| १ | कम | ६१.८९ | १ | कम | १.३३ |
| २ | मध्यम | ७५.०५ | २ | मध्यम | १२०.८४ |
| ३ | उच्च | ३०.०६ | ३ | उच्च | ४४.८२ |
| | जम्मा | १६७.०० | | जम्मा | १६७.०० |

*स्रोत: जि.आई.एस.नक्शाबाट विश्लेषणको आधारमा*

यस नगरपालिकाको अवस्थिति र भू.बनोट अनुसार देहाय बमोजिम भू.उपयोग रहेको पाईन्छ ।

**तालिका नं. ३: भू.बनोट अनुसार भू.उपयोगको अवस्था**

| क्र.स. | भू.उपयोगको प्रकार | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | १५६०.२८ | २५.१५ |
| २ | कृषि क्षेत्र | ३१५४.९७ | ५०.७१ |
| ३ | झाडी क्षेत्र | ६७७.६६ | १०.७० |
| ४ | घासे मैदान | २३०.३२ | ३.५० |
| ५ | बाँझो जमिन | १०.२७ | १.१५ |
| ६ | नदी, खोला तथा पोखरी, ताल | ७३.२७ | १.१३ |
| ७ | वगर क्षेत्र | ३५३.३३ | ५.५० |
| ८ | भिर पाखा र अन्य | १३९.९२ | २.१६ |
| | **जम्मा** | ६२०० | १०० |

स्रोतः **https://giwmscdnone.gov.np/**

**तालिका नं. ४: साफेवगर नगरपालिका अन्तरगत रहेका खोलानाला नदीहरुको बिबरण**

| वडा न. | बाह्रै महिना पानी हुने खोला तथा नदी हरु | खहरेखोलाहरु |
|---|---|---|
| १ | बुढीगंगा नदी | पाईले घाट, गडीखोला, मुलपानी खोला, जारिमखोला, बड्डेखोला, लुग्रेली खोला स्यालवाडा खोला |
| २ | बुढीगंगा नदी, प्रभाली खोला, लुंग्रेली गाड | बुढीखोला, छडीखोला, वालुवाखोला, कलापानी खोला, साङटीखोला, काठेआम खोला |
| ३ | बुढीगंगा नदी, प्रभाली गाड, जिजाडी गाड | टोटासाल खोला, पापडेपानी खोला, देउजालखोला, नादेखोला,असादेखोला, शंखवेलखोला, सिमखेत खोला, पचरा खोला, खारखोला, अमलाखोला, धौलेपानीखोला, गुडिआमखोला, जारिमखोला, सिमेली खोला, वयाडाखोला, साउनेखेतखोला, विनायकखोला |
| ४ | बुढीगंगा नदी, छिपे खोला, विउकोट खोला, चामाखोला, ढुडेखोला, मुङग्राखोला | साफेखोला, एयरपोर्ट खोला, साउखोला, मात्री जयाकोट खोला, सिमाडिरी खोला |
| ५ | छिपेखोला, अम्रेखोला, दुलपानीखोला, जारिमखोला, मिटिखानाखोला, गडीखोला । | |
| ६ | छिपे खोला, चाउडेखोला | छडेखोला, भुतिनिखोला, पधेरिखोला, देऊढुंगा खोला, साचेखाल, गैराखेत खोला |
| ७ | बुढीगंगा नदी, छिपेखोला | टाँटेखोला, बक्तोला, ठुलोखोला |
| ८ | बुढीगंगा नदी, | जार्मेखोला |
| ९ | जिजाडी गाड, जुकानेखोला, कालेखोला, घट्टेखोला, घुनखोला, घुडिखोला, सिमखेतखोला, मौरेखोला, साङटेखोला । | |
| १० | बुढीगंगा नदी, जिजाडी गाड, आर्दलीखोला, जिम्लेखोला, वर्रेखोला । | घुघुरखोला, बुढिखोला । |
| ११ | खरेखोला, अधेरिखोला, बिरेखोला, गुताखोला, सुईकेखोला, | |

| वडा न. | बाहैं महिना पानी हुने खोला तथा नदी हरु | खहरेखोलाहरु |
|---|---|---|
| | तालरवा खोला, जिजाडी गाड। | |
| १२ | ठूलोखोला, कत्रेखोला, ठुटनेली खोला, मैनेरवा खोला, गरडीगाड, समैजीखोला, गुनेखोला, तालगाड खोला, गाउकोखोला । | घट्टेखोला, कुसेडीखोला, ढारखेत खोला, गैराखोला । |
| १३ | बुढीगंगा नदी, इक्डीगाड, अर्दलीगाड । | नाउलाखोला, डौठेखोला, बड्डेखोला, बाबैखोला, झारखोला । |
| १४ | घट्टेखोला, मुङराखोला, भेरीखोला, खेतीखोला, पातलकोट खोला | अनारी खोला, सिम्लिखाल, माडुखोला, तोलागडा खोला, सात्तर खोला |

**साफेवगर नगरपालिकामा निर्माण भएगरेका घरधुरीहरुको अवस्था देहाय बमोजिम रहेको छ ।**

तालिका नं. ५: नगरपालिकामा निर्मित घरधुरीको अवस्था

| वडा न. | जम्मा | प्रकारहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | माटोको बाँधिएको ईटा/ढुँगा (MBBS) | सिमेण्ट जोडाई भएको ईटा/ढुँगा (CBBS) | सिमेन्ट कंक्रीट सहित को पिलर (RCCP) | काठका पिलारहरु (WP) | अन्य |
| १ | २८३ | २५५ | २५ | २ | ० | १ |
| २ | ४३३ | ३९० | ३६ | ५ | २ | ० |
| ३ | ८४७ | ५३८ | २१३ | ४४ | ४५ | ७ |
| ४ | ९४५ | ५०३ | ९७ | ३३४ | ८ | ३ |
| ५ | ३१७ | ३०५ | ७ | ३ | २ | ० |
| ६ | १९३ | १८९ | २ | २ | ० | ० |
| ७ | ३५३ | २७३ | ३० | ४२ | ७ | १ |
| ८ | ३६७ | ३३९ | १५ | १२ | ० | १ |
| ९ | ४०३ | ३९८ | १ | ४ | ० | ० |
| १० | ५२१ | ४९३ | ९ | १९ | ० | ० |
| ११ | ३३० | ३२७ | ३ | ० | ० | ० |
| १२ | २९३ | २९२ | ० | १ | ० | ० |
| १३ | ५५१ | ५४० | ४ | ० | ७ | ० |
| १४ | ४७५ | ४७३ | २ | ० | ० | ० |
| **जम्मा** | ६३११ | ५३१५ | ४४४ | ४६८ | ७१ | १३ |
| *श्रोत राष्ट्रिय जनगणना २०७८* | | | | | | |

संकेतः MBBS भनेको माटोको बाँधिएको ईटा/ढुँगा, CBBS भनेको सिमेण्ट जोडाई भएको ईटा/ढुँगा, RCCP भनेको पिलर सहितको RCC, WP भनेको काठको पिलर र Other भनेको नखुलेको सम्झनुपर्छ।

यहाँका घरधुरीहरु अत्याधिक मात्रामा ढुँगामाटो जोडाईबाट बनेका छन् र कच्ची घरहरुको संख्या धेरै छन। यहाँ भवन निर्माण आचार संहिताको पालना पूर्णरुपमा गर्न सकिएको छैन। सडक पूर्वाधारको विकास सँगै सिमेण्टको जोडाई र आरसीसी घर बनाउने प्रबृत्ति पनि बढ्दै छ। यहाँ छिटफुट मात्रामा काठको पिलर भएका घर पनि रहेको छन्। समग्रमा हेर्दा घरको अवस्था परम्परागत रुपमा निर्मित छन् र आधुनिक प्रविधि र भुकम्प प्रतिरोधी संरचनाको मात्रा अत्यन्त न्यून रहेको छ।

### २.१.२ सामाजिक अवस्था

ऐतिहासिक महत्वको डोटेली साँस्कृतिक विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू संस्कृतिको अनुपम संगम रहेको छ। क्षेत्री, ब्राह्मण, दलित जातिको मिश्रीत बसोवास रहेको यस नगरपालिकामा मुख्य बोलीचालीको भाषा अछामी रहेको छ। धार्मिक रुपमा हिन्दू धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि रहेका छन। धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ। भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा, सुरुवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन। रानीसैन तथा बाहुल ढुंगा (मालिका मन्दिर) क्षेत्र, हाडासैन माडी (सिद्धधुनी) प्रभा, ओखीकोट भगवती मन्दिर, पातलकोट, भृगु गुफा, भृगु झरना, कालिका मन्दिर देवीस्थान, धौलछडो, भेरासैन खप्तड, जल्पादेवी मन्दिर श्रीकोट, वैद्यनाथ धाम आदि मन्दिरहरू महत्वपूर्ण धार्मिक स्थलहरू हुन।

यस साफेवगर नगरपालिकामा ७६ वटा शैक्षिक संस्थाहरु मध्ये माध्यामिक तहका २ वटा र आधारभुत बिद्यालय ४ वटा छनभने १ वटा गुरुकुल र १ वटा मदरासा संचालनमा रहेका छन। त्यस्तै गरी नगरपालिका क्षेत्रभित्र १ वटा ५० शैया अस्पताल, १३ वटा स्वास्थ्य चौकी र १ वटा शहरी स्वास्थ्य सेवा क्लिनिक रहेको र ग्रामिणस्तरमा १ सय ४१ जना ग्रामिण महिला स्वास्थ्य स्वयम् सेविकाले काम गरिरहेको पाईन्छ।

**तालिका नं. ६: साफेवगर नगरपालिका भित्र संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण**

| वडा न. | अस्पताल | स्वास्थ्य चौकी | शहरी स्वास्थ्य क्लिनिक | जम्मा स्वास्थ्य संस्था | महिला स्वास्थ्य स्वयम सेविका संख्या |
|---|---|---|---|---|---|
| वडा न. १, बैजनाथ | ० | १ | ० | १ | ९ |
| वडा न. २, श्रीकोट | ० | १ | ० | १ | ९ |
| वडा न. ३, सिद्देश्वर | ० | १ | १ | २ | १४ |
| वडा न. ४, मश्टमाण्डौ | ० | १ | ० | १ | १२ |
| वडा न. ५, नवाठाना | ० | १ | ० | १ | ९ |
| वडा न. ६, भागेश्वर | ० | १ | ० | १ | ९ |
| वडा न. ७, वयलपाटा | १ | ० | ० | १ | ९ |
| वडा न. ८, चण्डिका | ० | १ | ० | १ | १० |
| वडा न. ९, बुढाकोट | ० | १ | ० | १ | ९ |
| वडा न. १०, घुघुरकोट | ० | १ | ० | १ | १३ |
| वडा न. ११, देवस्थान | ० | १ | ० | १ | १० |
| वडा न. १२, खप्तड | ० | १ | ० | १ | ९ |
| वडा न. १३, बाब्ला | ० | १ | ० | १ | १० |
| वडा न. १४, पातलकोट | ० | १ | ० | १ | ९ |
| **जम्मा** | **१** | **१३** | **१** | **१५** | **१४१** |

राष्ट्रिय जनगणना २०६८ र २०७८ को अनुसार यस साँफेवगर  नगरपालिका मा कुल ६,३११ घरधुरी मा २५,८९१ जनसंख्या रहेको छ। सो जनसंख्याको वडागत विस्तृत विवरण यसप्रकार रहेको छ।

**तालिका नं. ७: नगरपालिकाको एक दशकको जनसंख्या, घरधुरी विवरण**

| साफेवगर नगरपालिका, अछाम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा न. | क्षेत्रफल (व.कि.) | राष्ट्रिय जनगनणा २०६८ | | | | राष्ट्रिय जनगनणा २०७८ | | | |
| | | घर परिवार | पुरुष | महिला | जम्मा | घर परिवार | पुरुष | महिला | जम्मा |
| १ | ५.५ | २८६ | ६३८ | ६९२ | १३३० | २८३ | ५०२ | ५८६ | १०८८ |
| २ | ७.८६ | ५४२ | ११११९ | १५२६ | २६४५ | ४३३ | ७२६ | ९४० | १६६६ |
| ३ | ९.३५ | ९१७ | १९८४ | २१८४ | ४१६८ | ८४७ | १५०८ | १६०३ | ३१११ |
| ४ | ८.७७ | ७०२ | १६५६ | १८२७ | ३४८३ | ९४५ | १७६६ | १७८७ | ३५५३ |
| ५ | ४.८५ | ३७२ | ९५६ | १०४९ | २००५ | ३१७ | ५७९ | ७७८ | १३५७ |
| ६ | ३.६६ | २४३ | ४६१ | ६३० | १०९१ | १९३ | ३१७ | ४३६ | ७५३ |
| ७ | ७.६५ | ३२८ | ८६३ | ८७२ | १७३५ | ३५३ | ६२१ | ७४२ | १३६३ |
| ८ | १४.४१ | ४३९ | ९३२ | ११७९ | २१११ | ३६७ | ६२० | ७८९ | १४०९ |
| ९ | २३.६७ | ५१७ | १३०९ | १५८८ | २८९७ | ४०३ | ७२८ | ९९७ | १७२५ |
| १० | १२.७२ | ६२१ | १४२० | १७१५ | ३१३५ | ५२१ | ९९७ | १२६६ | २२६३ |
| ११ | २१.८ | ३९३ | १०२९ | ११८६ | २२१५ | ३३० | ७३७ | ९०२ | १६३९ |
| १२ | १७ | २८९ | ८३१ | ८६४ | १६९५ | २९३ | ६७९ | ७०० | १३७९ |
| १३ | १७.९ | ५३९ | १२४३ | १५७० | २८१३ | ५५१ | १०२६ | १३४१ | २३६७ |
| १४ | ११.५९ | ५०५ | १३७२ | १४५३ | २८२५ | ४७५ | ९८३ | १२३५ | २२१८ |
| जम्मा | १६६.७३ | ६६९३ | १५८१३ | १८३३५ | ३४१४८ | ६३११ | ११७८९ | १४१०२ | २५८९१ |

यस साफेवगर नगरपालिका, अछामको जनसंख्या तथा घरधुरीलाई राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्याङ्क बाट जनसख्या तथा घरधुरी घटेको देखिन्छ।

साँफेवगर नगरपालिकामा २०७८ को राष्ट्रिय जनगणनाको विवरण अनुसार यस पालिकामा जम्मा ६०० जना (२.३२ प्रतिशत) कुनै न कुनै रुपको अपांग रहेको पाईएको छ। ति अपांगताको वडागत विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. ८: अपांगताको वडागत विवरण**

| वडा न. | जम्मा | असक्षम | रिपोर्ट नभएको | अपाङ्गताको दर |
|---|---|---|---|---|
| १ | १०८८ | ३७ | ० | ३.४ |
| २ | १६६६ | ३५ | ० | २.१ |
| ३ | ३१११ | ५० | ० | १.६१ |
| ४ | ३५५३ | १२३ | ० | ३.४६ |
| ५ | १३५७ | ४४ | ० | ३.२४ |
| ६ | ७५३ | ५ | ० | ०.६६ |
| ७ | १३६३ | २५ | ० | १.८३ |
| ८ | १४०९ | २१ | ० | १.४९ |
| ९ | १७२५ | ३४ | ० | १.९७ |

| | | | | |
|---|---|---|---|---|
| १० | २२६३ | ३१ | ० | १.३७ |
| ११ | १६३९ | ३१ | ० | १.८९ |
| १२ | १३७९ | ४३ | ० | ३.१२ |
| १३ | २३६७ | ९० | ० | ३.८ |
| १४ | २२१८ | ३१ | १ | १.४ |
| जम्मा | २५८९१ | ६०० | १ | २.३२ |

## तालिका नं. ९: नगरपालिका भित्र रहेका टोल, वस्तीहरुको विवरण

| वडा न. | टोल, वस्ती तथा टोल विकास संस्थाहरु |
|---|---|
| १ | बुरावाडा, बैजनाथ, सिमालरुख, गैरागाउ, पिपलरुख, दहखेत, भुरिगाउ, ठलगालगाउ, डाडासुगाडा, कुप्सैन । |
| २ | बागभिडी, पिपलतोला, झकालेश्वार टोल, कुँवर टोल, गोयलपानी, देवीरुख, क्रितिखाम, नुवागाउ, धामिगाउ, पचाडे, लोलिटाँकि, गानेगाउ, टाँकि |
| ३ | वरपिपलं — पिडेसैग सुगरखाल, रसकाँडा दयगडा, खानीखोला, माझरौंटा, पंधेरीखोला, हाडासैन, चतुरसाल, सिमलगाउँ, कडारीवाडा त्रिमुर्ति, गैरागाउँ, बाझागडा, सुनारवाडा, मष्टमाण्डौ, डिकेनी, विनायक, चाउडे, टोटासाल, जारिमखोला कालभैरव, गोठीपाटा, देउझाल, चाफातोला, साँफि त्रिपुरासुन्दरी, गोलीगाउँ, गंगापुर कालिका कोलगडा, खारखोला गैरीगडा |
| ४ | पाईडी टोल, भण्डारी गाउ टोल, मुवासैन टोल, गैरा खाल्सैन टोल, डाडा खाल्सैन टोल, जनकल्यान, मात्री । |
| ५ | अमरनगर- छिपेकी टोल, छपाते टोल<br>जाल्पादेवी- ब्रमडाडा टोल, लेसाड टोल, छडा टोल<br>कालिका- दहपाटा टोल, साजगडा टोल, वडवाडा टोल<br>मुना टोल- मुना गाउ<br>ब्रहमदेव- ठकुल्लावाडा टोल<br>त्रिपुरासुन्दरी- कठेना, सिमली, हिरेसाल टोल |
| ६ | रानिसेरा, कालाआम, नदुकाना, रिठ्ठागाउ, बस्तोला, वडाकोट, डोटे, सालामाडु । |
| ७ | सोडसा देवी विकास ककडसाँत टोल कालिकादेवी, डोडर टोल नवागाउ टोल विकास, जाल्पादेवी, टोल विकासः खालिकावड, नानासिम, मैझाली, छरेखेत, बक्तोला, मेलसैन, गोनडाडा रिडिकोट टोल विकासः ठकुरीवाडा, रिडीकोट टोल । |
| ८ | काटे, कडायतवाडा, पटकानी, गैरागडा, गैरागाउ, नवागाउ, मियापुर, टमाटागाउ, मटेना, जमालगाउ तल, जमालगाउ माथि । |
| ९ | बासकाटिया, ऐराडा, बाँस, दुधनौला, लुईआटा पाँच, गेरुखाना, चौरपिपल, रिठ्ठागाउ, लुईआटा सात । |
| १० | कमईस्थान, ठाँटीवजार, महतागाउ, रावतवाडा, कोटवाडा, कोट, भाटवाडा, तासी, हितवाडा, संग्रामतोलि, पदाडा, चुल्ठे, गलुकाडा |
| ११ | भिर्खु, धामिगाउ, गैरागाउ, देउलीखाँद, प्यारेगाउ, बिजयपुर, किम्तोलि, चुची, दासपडा, पाल्त । |
| १२ | माथितुका, तलतुका, पुत्रु, बल्लेत, भेरासैन । |
| १३ | उपरगाउ, खुलालवाडा, बटालीगाउ, मौडालीओला, सार्कि टोल, माथिसिउ, तल्नासिउ, सील्काटोल, नेपालीटोल । |
| १४ | आमरुख, बाहुनगाउ,<br>माझगाउ- परगडा टोल, जईगडी टोल, शाह टोल, डाडावाडा टोल, औलटोल,<br>खडकावाडा- पिंदेरीटोल खड्कावाडा टोल, बैचडा पालेबन टोल<br>भासुवन- भासुवन डाँगडीटोल, मझगाउँटोल |

## २.२ प्रकोप, सम्मुखता, संकटासन्नता, क्षमता र जोखिमको विश्लेषण

### २.२.१ प्रकोप

**यस पालिकाको बाढि र पहिरो प्रमुख प्रकोपको रुपमा देखापरेको छ। यस पालिकामा रहेको पहिरोहरुको विस्तृत विवरण तपसिल बमोजिम प्रस्तुत गरिएको छ।**

**तालिका नं. १०: साँफेबगर नगरपालिका भित्र रहेका साना ठुला ७७ वटा पहिरो र अवस्थिति**

| वडा न. | पहिरोहरु |
|---|---|
| १ | हुर्केटागा पहिरो, गढी पहिरो । |
| २ | हुर्केटागा पहिरो, बडाखेत पहिरो । |
| ३ | जिमासी पहिरो, रसकाडा पहिरो, गौथलीपडा पहिरो । |
| ४ | धामितोला पहिरो, छरीखोला पहिरो, मेलेखेती पहिरो । |
| ५ | काहाडा पहिरो, खार पहिरो, टोप्रे पहिरो, हलेदु पहिरो, तिलताना पहिरो । |
| ६ | बास्तोला टोल पहिरो । |
| ७ | मेलसैन पहिरो, छहरेखेत पहिरो, ठाडोसिम पहिरो, कालराजी पहिरो |
| ८ | बुढाखोला गोल्केझार पहिरो, मोटेना पहिरो, पटकानी पहिरो । |
| ९ | रिठ्ठागाउ पहिरो, डाडाघर पहिरो, कालेखोला पहिरो, ओरालीमाडु पहिरो, काउलेगडा पहिरो, बिराहा पहिरो, बुढिखेत पहिरो, बालढुंगा पहिरो, खिर्रेखेत पहिरो, देउल पहिरो |
| १० | सिमाखाल पहिरो, दासबाडा पहिरो, ओदालखाल पहिरो, कोटेखेत पहिरो, कानाखेत पहिरो, पाडिखेत पहिरो, धायडपीनी पहिरो, खोलिखेत पहिरो, अमरखेत पहिरो । |
| ११ | तवापड पहिरो, झालढुंगा पहिरो, लुयाटा पहिरो, मालुझोक्कल पहिरो, टुडिखोला पहिरो, घासेमेलो पहिरो । |
| १२ | बल्याल्त पहिरो, माथिटुका पहिरो, हिसैन पहिरो, माटेकाबिनी पहिरो, फाडिल्ला पहिरो, माटिचुम्ला पहिरो । |
| १३ | ओला पहिरो, धारका मेला पहिरो, धारेखेत पहिरो, जाजर पहिरो, कुमाली पहिरो । |
| १४ | जाजरखेत पहिरो, घरडे पहिरो, डाङगडा पहिरो, लिडेमेला पहिरो, रातचाउड पहिरो, माझगाउ पहिरो, आठिखेत पहिरो, पहिचाड पहिरो, औलटोल पहिरो, काटेतोला पहिरो, पालेसाल पहिरो, मुसेखोला पहिरो, सेलिविन्द्राकोल पहिरो, पिपलारुख पहिरो, कालढुंगा पहिरो, पानीधारा पहिरो, गडयान सिमखेत पहिरो, कुमाउडा पहिरो, भरारीखेत पहिरो |




*चित्र न. ३ साँफेवगर नगरपालिकामा पहिरोको अवस्था*




*चित्र न. ४, साँफेबगर नगरपालिकामा बाढीको अवस्था*




*चित्र न. ५, साँफेबगर नगरपालिकामा बहुप्रकोपको नक्सा*




*चित्र न. ६, साँफेबगर नगरपालिमा आगलागीको नक्सा*

***स्रोत (Source) GIS आधारित जोखिम नक्सा निर्माणका लागि प्रयोग गरिएका स्रोतहरू***

१. ***DEM*** तथा स्याटेलाइट तस्बिरहरू

***GIS*** आधारित जोखिम नक्साहरू USGS Earth Explorer बाट प्राप्त ३० मि. रिजोल्युसनको SRTM DEM, Sentinel–2-Landsat स्याटेलाइट तस्बिरहरूको विश्लेषणबाट तयार पारिएको छ। यी भौगोलिक सूचना स्रोतहरूल] ढलान, उचाइ, नदीको प्रवाह र भू-आवरण विश्लेषणमा आधार प्रदान गरेका छन् ।

२. सरकारी तथा राष्ट्रिय निकायहरूबाट प्राप्त डेटा

GIS विश्लेषणमा आवश्यक पूरक जानकारी प्राप्त गर्न विभिन्न सरकारी तथा राष्ट्रिय निकायहरूसँगको समन्वय गरिएको छ । नापी विभाग (Department of Survey) बाट प्राप्त टोपोग्राफिक नक्सा तथा प्रशासनिक सीमाना, खानी तथा भूगर्भ विभाग (Department of Mines and Geology) बाट प्राप्त भूगर्भिक नक्सा तथा माटोसम्बन्धी विवरणहरू, जल तथा मौसम विज्ञान विभाग (DHM) बाट प्राप्त वर्षा, नदी प्रवाह र मौसमसम्बन्धी तथ्याङ्कहरू तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट प्राप्त ऐतिहासिक जोखिम अभिलेखहरूको प्रयोग गरिएको छ ।

३. फिल्ड सर्वेक्षण तथा GPS डेटा

जोखिम पहिचानको सटीकता सुनिश्चित गर्न फिल्ड सर्वेक्षण तथा GPS डेटा संकलन गरिएको छ । यस अन्तर्गत, भूक्षय, डढेलो तथा बाढी प्रभावित क्षेत्रहरूको सटीक स्थानाङ्क (Coordinates_ GPS प्रविधिको माध्यमबाट संकलन गरिएको छ। साथै, स्थल भ्रमण (Ground Truthing) गरी उपग्रह तस्बिर तथा अन्य माध्यमबाट प्राप्त जानकारीहरूको यथार्थता परीक्षण गरिएको छ, जसले नक्साको सटिकता मूल्याङ्कनमा सहयोग पुर्‍याएको छ

४. विद्यमान जोखिम नक्सा तथा प्रतिवेदनहरू

न्क्ष्क आधारित जोखिम नक्सा निर्माणमा विद्यमान नक्सा तथा प्रतिवेदनहरूलाई सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ । स्थानीय तहहरू (नगरपालिका तथा गाउँपालिका) का योजना, नीति तथा अभिलेखहरूबाट प्राथमिक जानकारी संकलन गरिएको छ । साथै, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (NGO/INGO) द्वारा प्रकाशित प्रतिवेदनहरू तथा डाटा स्रोतहरू विश्लेषणमा समावेश गरिएका छन् । अन्ततः, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को वेब पोर्टलले विश्लेषणका लागि पूरक तथा अद्यावधिक जानकारी उपलब्ध गराएको छ।

**तालिका नं. ११: जोखिम नक्साहरुको व्याख्या**

| प्रकोपको नक्शाको प्रकार | प्रभावित वडाहरु | जोखिमको प्रकार | कैफियत |
|---|---|---|---|
| पहिरो जोखिम नक्सा | ४, ५, ६, ७, र ८ | उच्चदेखि अत्यन्त उच्च | भौगोलिक रुपमा खोच, खोला नजिकको ढल्के जमिन र पहाडी क्षेत्र रहेको र यी वडाहरूमा पहिरोको सम्भावना बढी हुन्छ |
| | ११,१२ र १४ | मध्यम जोखिम | जमिन स्थिर |
| | १, २, ३, ९, १० र १३ | अपेक्षाकृत सुरक्षित | अत्यन्त कम जोखिम |
| बाढी जोखिम नक्सा | ६,७,८ र ९ | अत्यन्त उच्च जोखिम | मुख्य नदीहरू आसपास रहेकोले जलप्रवाहका कारण बाढीको प्रभाव बढी देखिन्छ। |
| | १, २, ३, १० र १३ | मध्यमदेखि उच्च जोखिम | विशेषगरी खोला नजिकको भूभागमा खतरा बढी |
| | ११, १२ र १४ | अपेक्षाकृत सुरक्षित | बाढीको जोखिम अत्यन्त कम देखिन्छ। |
| आगलागी जोखिम नक्सा | ६, ९, १४, साथै ११ र १३ का केही भागहरूमा | उच्च जोखिम | वन क्षेत्र र झाडीहरू घना रहेका कारण आगलागीको सम्भावना बढी |
| | २, ३, ४, १० र १२ | मध्यम जोखिम | मानव बस्ती र वन क्षेत्रको मिश्रण |

| | | | |
|---|---|---|---|
| | केही उत्तरी भागहरूमा | न्यून जोखिम | आगलागी सम्भावना कम भएका क्षेत्र |
| वहुप्रकोप जोखिम नक्शा | वडा नं. ६ | बहु-जोखिममा पर्ने क्षेत्र | अति संवेदनशील |
| | ७,८ र ९ | बहु-जोखिममा पर्ने क्षेत्र | संवेदनशील देखि अति संवेदनशील |
| | ११, १२ १३, र १४ | अपेक्षाकृत सुरक्षित | आपतकालीन अवस्थाको लागि सुरक्षित स्थल वा स्थानान्तरण क्षेत्रका रूपमा प्रयोग गर्न सकिन्छ । जोखिम न्यूनीकरण तथा पूर्वतयारी योजनाहरू तयार गर्दा वडागत प्राथमिकता अनुसार योजना बनाउनु अत्यावश्यक देखिन्छ। |

### २.२.२ प्रकोपको ऐतिहासिक समयरेखा (सम्मुखता तथा संकटासन्नता सहित)

यस साँफेवगर नगरपालिकामा विगतमा भएका प्रकोप, यसको क्षेत्र र असर तथा समय क्रमानुसार प्रकोपको प्रकृतिको बारेमा ऐतिहासिक घटनाक्रम समयरेखाले उपलब्ध गराउंछ जसको सहयोगले विपद् तथा जोखिमको प्रकृति पहिचान गरी योजना निर्माण र लगानी तय गर्न मद्दत पुर्याउने छ ।

तालिका नं. १२: समुदायको ऐतिहासिक समयरेखा

| प्रकोप | साल, महिना | समुदाय, वस्ती | असर तथा प्रभावहरु (आर्थिक, सामाजिक, भौतिक, मानवीय, प्राकृतिक क्षति) | विस्थापित, बसाई सराई गरेका परिवार वा वस्ती, समुदाय | समुदायको प्रयास |
|---|---|---|---|---|---|
| बाढी | १९९२, २००९, २०१९, २०२२, २०२८, २०४०, २०४२, २०५२, २०६३, २०६८, २०७२ | वडा न. १, २, ३, ४, ७, ८, १०, १३<br>**बुढीगंगा नदी**<br>(वडा न.१० को आर्दलिघाट देखि वडा न. १ को पाईलीघाट सम्म दुवै तर्फ ) | **वडा न.१, बुढीगंगा**<br>१९९२ श्रावण मा बैजनाथ मन्दिर पूर्ण क्षति, कानेचौर देखि कौडा सम्मको अन्दाजी ६० रोपनी खेतीयोग्य जमिन कटान गरेको,<br>धानको कुनिया बगाएको,<br>२०२२, २०२८, २०४० २०५२, २०६८, २०७२ मा हालसम्म अन्दाजी २ सय पाथी वीउ जाने धानखेत कटान गरेको, र हालसम्म अन्दाजी १६ जना स्थानीयहरुले ज्यान गुमाउनु परेको,<br>**वडा न. २, बुढीगंगा**<br>१९९१ साल देखि हाल सम्म १ हजार रोपनी खेतीयोग्य जमिन क्षति गरेको<br>**वडा न.३, बुढीगंगा**<br>घुघुरकोट नालादेखि पोथे आम सम्म २०२२ देखि हालसम्म अन्दाजी ५ सय रोपनी खेतीयोग्य जमिन कटान गरेर बगरमा परिणत । स्थानीय का ६ वटा पानी घट्ट बगाएर क्षति<br>२०३३ सालमा तिल विक्रम शाह, २०३४ सालमा रामनाथ लोहारको छोरा को शव उद्धार । २०३६सालमा रामनाथ आउजीको छोरी बेपत्ता<br>२०४४ सालमा दीपक स्वारकी आमा बेपत्ता । २०६६ सालमा जोगराज श्रेष्ठ को सब उद्धार । २०६७ सालमा डिल्ली लोहार बेपत्ता ।<br>२०६८ सालमा दिलिप रावतको श्रीमती बेपत्ता ।<br>२०७३ सालमा विक्रम आउजीको छोरा बेपत्ता ।<br>२०७२ सालमा नवराज आउजी को छोरा बेपत्ता ।<br>२०७४ मा रङ्गे आउजी को साली बेपत्ता<br>जिजाडीगाड<br>२०६३ को बाढीमा काले भुल बेपत्ता, २०० रोपनी जग्गा कटान गरेर बगाएको । | | बुढीगंगा नदीले धार परिवर्तन गरेको अवस्थामा वडा न. १ मा अन्दाजी २० रोपनी धानखेत, पुनप्रयोगमा ल्याएको,<br>स्थानीयहरुको प्रयासमा तारजाली थौरे स्थानमा तटवन्ध गरेको ।<br>मृतक र बेपत्ता भएकाहरु को परम्परागत दाहसँस्कार गरेको ।<br>वडा न.१० बुढीगंगा को बाढिले २०७३ भाद्र ११ गते सुरत बहादुर खड्का, कुलबहादुर खड्का, रुप बहादुर खड्का लगायत ८ जनाको घर बगाउदा जिल्ला प्रशासन कार्यालय अछामबाट खाद्यान्न लत्ता कपडा |

| प्रकोप | साल, महिना | समुदाय, वस्ती | असर तथा प्रभावहरु<br>(आर्थिक, सामाजिक, भौतिक, मानवीय, प्राकृतिक क्षति) | विस्थापित, बसाई सराई गरेका परिवार वा वस्ती, समुदाय | समुदायको प्रयास |
|---|---|---|---|---|---|
| | | | १० वटा पानीघट्ट बगाएको ।<br>प्रभालीगाड<br>२०४० ४०, ४५ रोपनी खेत बगाएको ।<br>**वडा न.४, बुढीगंगा**<br>२०२२ सालमा चामसिङ कुवर, २०३६ सालमा टेक बहादुर कुवर, २०५९ सालमा केश बहादुर बुढथापा, २०७५ सालमा प्रकाश कुवर वेपत्ता ।<br>२०३३ सालमा गंगा बुढा, २०४० बैशाख मा टिका कुवर को दिदि, २०७३ फागुण मा बिक्रम बुढथापा, २०७७ भाद्र मा मिन बहादुर कुवर को शव उद्दार । अन्दाजी १ सय रोपनी आवादि जग्गा क्षति भएको ।<br>२०१९ सालमा बुढी नदिले कटान गरेको, ७० रोपनी जग्गा क्षति, २ घर र अन्न बगाएको, २०४० भाद्रमा बुढी नदिले ८० रोपनी बगाएको । २०५६ मा कनि ६० रोपनी, २०८० कार्तिकमा ८० रोपनी जग्गा बगाएको ।<br>**वडा न.७, बुढीगंगा**<br>२०५९ माघ मा मिना कुमाल को शव उद्धार ।<br>२०७९ पौष मा रिकिता भुल को शव उद्धार,<br>२०७९ जेठमा राजबहादुर भाँट को शव उद्धार<br>२०७१ कार्तिक मा सिद्ध लोहारको शव उद्दार<br>२०३९ सालदेखि हालसम्म छिपेखोला देखि टाँटिखोलासम्म<br>अन्दाजी ३ हजार खेतियोग्य जमिन र ५० वटा पानीघट्ट क्षति गरेको र अन्दाजी २ सय रोपनी खेतवारी उच्चजोखिममा रहेको ।<br>**वडा न. ८, बुढीगंगा**<br>टाटेखोला देखि मुरा दोभान चित्रेसम्म १९९१ देखि खेतीयोग्य जग्गा क्षति गर्दै आएको २०४१ सालमा ठूलो बाढीले २ सय रोपनी भन्दा बढी जग्गा क्षति गरेर वगरमा परिणत भएको ।<br>**वडा न.१०, बुढीगंगा (अर्दलीघाट देखि जीजाडि गाड सम्म)** | | साथै प्रति घरधुरी रु ४ हजार को दरले राहत सहयोग । |

| प्रकोप | साल, महिना | समुदाय, वस्ती | असर तथा प्रभावहरु (आर्थिक, सामाजिक, भौतिक, मानवीय, प्राकृतिक क्षति) | विस्थापित, बसाई सराई गरेका परिवार वा वस्ती, समुदाय | समुदायको प्रयास |
|---|---|---|---|---|---|
| | २०४२, २०४५, २०५०, २०६६, २०६७, २०७५, २०७६, २०८० | (पाल्लेवन साबउस )<br>वडा न.२, गोयलापानी, कालाआम<br>वडा न.४, भण्डारी गाऊ, वडा न.१०, बलेमाण्डौ, ठाडागडो<br>वडा न.१२, वर्माली,<br>वडा न.१३, तोली, | २०७५ भुरिगाउ (पाल्लेवन साबउस) बिरे भुलको १ हल गोरु, १ गाई, १ बाखा मरेको।<br>**वडा न. २,**<br>२०३६ साल गोयलापानीमा मन्दरी दमाई घाईते।<br>२०४५ साल कालाआम गाऊका बदेउ लुहारको मृत्यु र मादन कुँवर, लक्ष्मन कुँवर, नर कुँवर लगायत ४ जना घाईते।<br>**वडा न. ४,**<br>२०८० साल भण्डारी गाऊमा १ गोरु र लाखेतोला गाऊमा ३ गोरु मरेका<br>**वडा न. ९,**<br>२०५८ चौरपिपलमा विक्रम साउद को आमा घाइते, निजको दिदी मृत्यु भएको।<br>२०६६ मा गेरुखानाका चेत कुँवरको आमाको मृत्यु, २०५१ मा दुनदौलाका पापे दमाईको श्रीमती घाइते निजको घर क्षति र १ गाई, १ गोरु र १ भैसि मरेका।<br>**वडा न.१०**<br>२०२५ ठाडागडोमा लक्ष्मण खड्काको आमा र बहादुर सिंह वडको आमा घाइते<br>२०५० बलेमाण्डौमा झङ्कर महत्ता, प्रेम सिंह महत्ता घाइते<br>**वडा न. ११,**<br>२०७७ भाद्रमा धामीगाउँका बिदर बोहराको मृत्यु।<br>२०६६ मा दासवाडाका महेन्द्र दासको १ भैंसी र २ गाई मरेको।<br>२०७१ मा पाल्तका भीम खाती घाइते र ७ वटा बाखा मरेको<br>**वडा नम्बर १२ वर्माली**<br>२०७६ सालमा वडा कार्यालय नजिक बर्माली मेलको रूखमा चट्याङ पर्दा वडा कार्यालयको बत्ती, कम्प्युटर, २ वटा ल्यापटप र दिवाल क्षति भएको<br>**वडा न.१३**<br>२०४२ साल तोलिमा चट्याङ पर्दा धौलीदेवी रावत घाइते ।<br>२०६७ साल भम्क मा खन्टे विष्टको छोराको मृत्यु। २०७८ साल वाहुनगाऊमा | | खाडल खनेर माटोमुनी गाडेको,<br><br>**वडा न.११** का बिदर बोहरालाई वडा कार्यालयबाट रु १० हजार नगरपालिकाबाट रु २५ हजार र जिल्ला प्रशासन कार्यालय अछामबाट १ लाख क्रियाखर्च बाफत नगद राहत सहयोग। |

| प्रकोप | साल, महिना | समुदाय, वस्ती | असर तथा प्रभावहरु<br>(आर्थिक, सामाजिक, भौतिक, मानवीय, प्राकृतिक क्षति) | विस्थापित, बसाई सराई गरेका परिवार वा वस्ती, समुदाय | समुदायको प्रयास |
|---|---|---|---|---|---|
| | | | स्थानीय ६ जना घाइते। | | |
| मानव रोग | २०७२, २०७५ | | स्थानीय स्तरमा आँउ, झाडापखाला, निमोनिया, टाईफाईड, रुघाखोकीले बालवालिका, बृद्दाबृद्दि तथा विपन्न घरधुरीका परिवार सदस्यहरु अधिकतम प्रभावित हुने गरेको।<br>२०७२ सालमा वडा न. १ को दहखेत गाउमा झाडापखाला महामारीको रुपमा देखा परेको भएतापनि कुनै मानवीय क्षति नभएको।<br>२०७५ साल देखि कोरोनाको प्रभाव परेको<br>माहामारीले २०४१ सालमा वडा नं. ७ मा झाडापखालाको महामारीले ६ जनाको मृत्यु भएको । | | स्थानीय स्वास्थ्य चौकी र स्थानीय<br>जटिवुटिको प्रयोग गरी उपचार गर्ने गरेका।<br>२०७५ सालको कोरोना स्थानीयको आफ्नै खर्चले उपचार पछि सामान्य अवस्थामा फर्केको |
| पशु रोग | हरेक बर्ष | सबै वडा तथा समुदायहरु | **बाखा, गाई, गोरु र भैसि मा** - भ्यागुते, चरचरे, खोरेत, एन्थ्रेक्स, पी.पी.आर, एन यूरिया, डर्माटाइटिस, डायरिया, पाइरेक्ससिया, एनोरेक्सिस, एल एफ, राउन्डओम, टेपओम, महोस्ट, टिक्स, लाइस, सर्भिसाइटिस, भेट्राइटिस, पायोमेट्रा, स्वइन फिबर, खोरेत, रेविज, नाम्ले, माटे, जुका, छेरौटे, साउने ज्वरो, जुम्रा, उपियाँ, किर्ना, लुतो, थुनेलो खोरेत, मुखपाक्ने, पोकालाग्ने, ज्वरो, लुतो चर्चरे, ख्यारख्यारे रोग।<br>**कुखुरामा** - क्सीडिपेसिस, कोराइजा गम्बारो, सि आर डी, सल्मोनेलासिस, रानिखेत, फबल पक्स, हवाइडाइरिया, मेरेक्स, जुका, गम्वोरो, रानी खेत।<br><br>बर्षेनी १० देखि १५ वटा चौपायहरु मर्ने गरेको।<br>२०७९ फागुण महिना देखि गाई, गोरुमा लम्फी स्किन रोग देखा परेको र स्थानीय स्तरमा गाई, गोरु प्रभावित। | | प्राविधिकको सहयोग र स्थानीय जडिवुटीको प्रयोग गर्ने गरेको। मरेका भेडा, बाखा, भैसीहरु स्थानीयहरुले जमिनमुनी गाडेका। |
| कृषि रोग | हरेक बर्ष | हरेक बर्ष | सलह किरा ले अन्नवाली, बोटविरुवा नष्ट गरेको।<br>गहुँमा ढुसी, लिसो, कुकाहा, सिन्दुरे, डरुवा<br>मकैमा गुवे, कालिपोके, खुम्ले, रातोकमिला, ढुसी<br>कोदोमा खुम्ले र गभारो, वालामरुवा<br>धानमा माद, कुकाहा, पोथिया, डढुवा, बेरुवा, गुवे | | केही घरधुरीले कृषि प्राविधिकको सल्लाह लिने गरेको, साफेवगर बजार क्षेत्र नजिकका कृषक हरु आधुनिक |

| प्रकोप | साल, महिना | समुदाय, वस्ती | असर तथा प्रभावहरु<br>(आर्थिक, सामाजिक, भौतिक, मानवीय, प्राकृतिक क्षति) | विस्थापित, बसाई सराई गरेका परिवार वा वस्ती, समुदाय | समुदायको प्रयास |
|---|---|---|---|---|---|
| | | | आलुमा रातो कमिला, सेतो कमिला, डरुवा, खुम्ले<br>सिमिमा पोका र रातोकमिला<br>तोरीमा लाही किरा लाग्ने गरेको<br>केरा खेतीमा गवारो, खोइरो लाग्ने गरेको<br>२०११, २०२५,२०२६,२०७७ सालमा सलह किराले बाली र फलफूल नष्ट गरेको | | तथा व्यवसायिक तरकारी खेती तर्फ उन्मुख भएको। अधिकतम बिषादीको प्रयोग हुने गरेको। |
| हावाहुरी | हरेक बर्ष | सबै वडा तथा समुदायहरु | स्थानीय स्तरका गरिव तथा दलित घरधुरीका घरका छानाहरु क्षति हुने गरेको । | | स्थानीयहरुले स्वतस्फुर्त आआफ्नो घर, गोठहरु मर्मत सम्भार गर्ने गरेको |
| हिमपात | | वडा न. ११, १२ र १४ | बेमौसमी हिमपातले मानवीय जनजीबनमा असहजता भएको । स्थानीय गोरेटोबाटो साथै कच्ची सडक अवरुद्ध हुने गरेको।<br>वडा न.११, १२ र १४ नम्वर वडाहरु बढी प्रभावित हुने गरको । | | सामाजिक सहयोग आदानप्रदान |
| तुषारो | हरेक बर्ष | वडा न. १, २, ३, ४, ५, ६, ७, ८, १० र १३ | वडा न. १, २, ३, ४, ५, ६, ७, ८, १० र १३ को खोला किनारको वस्तीका अन्नवाली, तरकारी नोक्सान हुने गरेको। | | |
| मिचाहा प्रजाती | | सबै वडा तथा समुदायहरु | वन क्षेत्रमा वनमारा, टिमुरे, कुरी, गन्धआउने | | स्थानीय स्तरमा रैथाने झार तितेपाती लाई मिचाहा प्रजातीको रुपमा लिन थालेको |

**तालिका नं. १३: ऐतिहासिक समय रेखाको आधारमा साँफेबगर न.पा.मा बसाई सराई गरेका घरधुरी**

| प्रकोप | समुदाय, वस्ती | बसाई सराई गरेका घरधुरी |
|---|---|---|
| बाढी | वडा न. १, | ७३ |
| बाढी | वडा न.२ | ७ |
| बाढी | वडा न. ९ | १५ |
| बाढी | वडा न. ५ | ५५ |
| बाढी | वडा न. १२ | ३५ |
| बाढी | वडा न.१४ | ४६ |
| पहिरो | वडा न. १ | १८ |
| पहिरो | वडा न. २ | १ |
| पहिरो | वडा न. ८ | २ |
| पहिरो | वडा न. ९ | ९ |
| पहिरो | वडा न. १४ | ४० |
| बाढी, पहिरो, व.ज.आ., | वडा न. १४ | ८६ |
| वन्यजन्तु आतंक | वडा न. १ | १ |
| खडेरी | वडा न. १ को १९ घर १४ को १५घर | ३४ |
| | जम्मा | ४२२ |

यस साँफेबगर नगरपालिकाको विभिन्न वडाहरूमा भएको छलफलबाट प्राप्त सूचना अनुसार विभिन्न प्रकोपको कारण छिमेकी समुदाय तथा गाउँ, वडा, पालिका, जिल्ला तथा अन्यत्र बसाईसराई जानेहरूको संख्या ४२२ घरधुरी रहेको पाइन्छ । बाढीबाट मात्र सबैभन्दा बढी अर्थात् २४१ घरधुरी विस्थापित भएको देखिन्छ। पहिरोको कारण १५६ घरधुरी, खडेरीबाट ३४ जना र वन्यजन्तुको आतंकले १ घर विस्थापित भएको देखिन्छ।

**तालिका नं. १४: साँफेवगर नगरपालिका, अछामको बसाई सराई गरी जाने घरधुरी र जनसंख्या विवरण**

| वडा नं. | २०७८ | | २०७९ | | २०८० | | २०८१ | |
|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | परिवार संख्या | घरधुरी | परिवार संख्या | घरधुरी | परिवार संख्या | घरधुरी | परिवार संख्या |
| १ | १० | २९ | ५ | ९ | ६ | १६ | ४ | ७ |
| २ | २ | ७ | ७ | १२ | ४ | १४ | ३ | ७ |
| ३ | ९ | २६ | ८ | २० | ९ | २६ | १४ | २२ |
| ४ | ६ | १२ | १३ | ४१ | ८ | २२ | १४ | ३७ |
| ५ | ५ | १८ | ७ | २१ | १९ | ५० | ४ | ८ |
| ६ | १४ | ३५ | १२ | ३८ | ११ | २० | ८ | २२ |
| ७ | १६ | ५१ | १३ | ३४ | १२ | २९ | ९ | २५ |
| ८ | १८ | ६३ | १६ | ४३ | १३ | ३३ | ११ | २४ |
| ९ | १२ | ३२ | ११ | २७ | १५ | ३७ | ८ | १५ |
| १० | २३ | ६१ | २० | ३९ | २४ | ५२ | १८ | ३८ |
| ११ | ४ | ११ | २० | ५३ | ८ | ३१ | ८ | २१ |
| १२ | १३ | ३५ | ४ | ११ | ३ | १६ | ४ | ६ |
| १३ | १३ | ५५ | २० | ७२ | १२ | ४८ | १० | २७ |
| १४ | १८ | ४३ | १४ | ३६ | ७ | २४ | ६ | २१ |
| | १६३ | ४८० | १७० | ४५६ | १५१ | ४१८ | १२१ | २८० |

यस पालिकाको विभिन्न वडाहरुबाट अन् कारणले २०७८, २०७९, २०८० र २०८१ मा गरी ६०५ घरधुरीका १६३४ जना जिल्ला बाहिर, देश बाहिर बसाईंसराई गएको देखिन्छ ।

### २.२.३. बसाईं सराईका कारणहरु

- गरिबी, थोरै जग्गा कम उत्पादन र कम आयआर्जन भएकोले
- विपद् जोखम जस्तैः बाढी, पहिरो, जँगली जनावरको आतंकको कारण
- जीविकोपार्जनको लागि कामको खोजीमा
- सुख, भोकविलास, सुविधा प्राप्तीको लागि,
- शहरको सेवा सुविधा लिएर बालबच्चा पढाउने, राम्रो व्यवसायको खोजिको लागि,
- पालिकामा कृषि, बन लगायत पेशागत व्यवसायमा आधारित तालिम र सहयोगमा कमि,
- खानेपानी, स्वास्थ्य, भौतिक पूर्वाधारको कमि भएकोले,
- बनबिनास र बनपैदावारको कमि, वातावरणीय ह्रासका कारण,
- पालिकाले दिने सेवासुविधाहरुको अभाव, कमजोर नीति र योजनाहरु,
- पालिकामा विपद् तथा जलवायु उत्थानशील सम्वन्धी योजना र कृयाकलापहरुको कमि
- स्थानीय सरकार र विभिन्न संघसंस्थाहरुले जलवायु विपद्, जोखिमबाट प्रभावित विपन्न समुदाय भन्दा अन्य विकास निर्माण कार्यमा बजेट तथा योजनालाई प्राथामिकता दिने गरेको

### २.२.४. फिल्डस्तरबाट आएका सम्भावित अनुकूलनका कृयाकलापहरु

- जलवायु विपद्, जोखिम प्रभावित गरिब, विपन्न समुदायहरुकालागि लागि सहयोग र सहुलियत बढाउने
- जलवायु मैत्री कृषि, व्यवसाय र प्रविधिहरुको प्रवर्धन गर्ने र गरीब, विपन्न तथा सामाजिक रुपले पछाडी पारिएकाको संलग्नताको सुनिश्चित गर्ने
- थोरै जग्गा र कम आयआर्जन भएकालाई सहुलियत र सहयोग सम्वन्धी प्रावधान
- मानव बन्यजन्तुको द्धन्द समाधान गर्न कानुनी प्रावधान र उपायहरु निकाल्ने
- बन तथा वातावरणीय संरक्षण र व्यवस्थापन गर्ने
- बसाईंसराई गर्नेको रेकर्ड पालिकामा राख्ने र बसाईंसराईलाई सुरक्षित, व्यवस्थित र नियमित बनाउन योजनाहरु बनाई कार्यान्वयन गर्ने
- सीप विकास तालिम, वातावरण संरक्षण, जलवायु अनुकूलन सम्वन्धी सचेतिकरण गर्ने
- वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्ने
- जलवायु अनुकूलन, लैंगिकता, वातावरण संरक्षण तथा बसाईसराईको सम्वन्धन सम्वन्धी नीति योजना निर्माण र कार्यान्वयन गर्ने

### २.२.५ वडाको जोडागत जोखिम स्तरीकरण

यस साँफेबगर नगरपालिकाका हरेक वडाहरुमा प्राकृतिक तथा गैह्रप्राकृतिक रुपले सिर्जित प्रकोपहरुले सङ्कटासन्न वर्ग तथा समुदायहरुलाई पारेको असर पहिचान गरी विश्लेषण गर्दा मुख्यतया आर्थिक रूपले विपन्न, सामाजिक रूपमा पिछडिएका समुदायहरु र बालबालिकाहरु बढी सङ्कटासन्न रहेको पाईएको छ । यसै क्रममा सङ्कटासन्नतायुक्त र सुरक्षित स्थान, भौगोलिक, सामाजिक संरचना, प्रकोपका घटनाबाट विगतमा भएको क्षतिको आँकलन, विपद् जोखिम व्यवस्थापनका अवसर र चुनौती जस्ता विषयको अध्ययन गरिएको छ । उक्त विधिको नतिजालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५: साँफेबगर नगरपालिकाको वडागत स्तरीकरण**

| वडा न. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १ | १ | १ | १ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| २ | | | २ | २ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ३ | | | | ३ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ४ | | | | | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ५ | | | | | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ६ | | | | | | | ६ | ६ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ७ | | | | | | | | ७ | ९ | १० | ११ | १२ | १३ | १४ |
| ८ | | | | | | | | | ९ | १० | ११ | १२ | १३ | १४ |
| ९ | | | | | | | | | | ९ | ११ | १२ | १३ | १४ |
| १० | | | | | | | | | | | ११ | १२ | १३ | १४ |
| ११ | | | | | | | | | | | | १२ | १३ | १४ |
| १२ | | | | | | | | | | | | | १२ | १४ |
| १३ | | | | | | | | | | | | | | १४ |
| १४ | | | | | | | | | | | | | | |
| अंकभार | ४ | २ | १ | ० | ३ | ७ | ६ | ५ | ९ | ८ | १० | १२ | ११ | १३ |
| स्तर | १० | १२ | १३ | १४ | ११ | ७ | ८ | ९ | ५ | ६ | ४ | २ | ३ | १ |

माथि उल्लेखित तालिका अनुसार उच्च जोखिमका वडाहरु क्रमस पहिलो वडा नं.१४, दोश्रो वडा नं .१२, तेश्रोमा वडा नं .१३, चौथोमा वडा नं.११, पाँचौमा वडा नं.९, छैठौ मा वडा न.१०, सातौ मा वडा न.६, आठौमा वडा नं. ७, नवौमा वडा न.८, दशौमा वडा न. १, एघारौमा वडा न.५, बाहौं मा वडा न.२ तेहौं मा वडा न.३ र चौधौ मा वडा नं .४ पर्दछन् ।

### २.२.६ स्रोतको बिश्लेषण

विपद् तथा जलवायु उत्थानशीलताका लागि विद्यमान तथा सम्भावित स्रोत साधन देहाय बमोजिम हुने प्रक्षेपण गरिएको छ ।

क) साँफेबगर  नगरपालिकाले तर्जुमा गरी लागू गर्दै आएका दीर्घकालीन र आवधिक योजना तथा कार्यक्रम कार्यान्वयनका लागि छुट्याएको साधन स्रोतबाट यो कार्यढाँचाको प्रावधानलाई पनि मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्ने गराइनेछ।

ख) साँफेबगर नगरपालिकाले तर्जुमा गरी कार्यान्वयन गर्दै आएका र आगामी दिनहरुमा हुनसक्ने स्वास्थ्य, स्थानीय अनुकूलन र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी अन्य योजनाहरूका विषयवस्तुहरू अब उपरान्त यस कार्यढाँचाको अभिन्न अङ्गका रुपमा आबद्ध रही त्यसमा लक्षित योजना कार्यक्रम अनुरुप प्रक्षेपित स्रोतबाट यो कार्यढाँचाको प्रावधानलाई पनि मूल प्रवाहीकरण गरी कार्यान्वयन गर्ने गराइने छ।

ग) साँफेबगर  नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यो कार्यढाँचाका प्राथमिकताका कार्यलाई आत्मसात गर्दै कार्यान्वयनका लागि यसमा तोकिएका क्रियाकलापहरू लागू गर्न गराउन नियमित परिचालन गर्नुका अतिरिक्त आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकारको सहयोग लिनेछ ।

घ) कार्यढाँचाका प्राथमिकताका कार्यको कार्यान्वयनका लागि यसमा तोकिएका क्रियाकलापहरूको कार्यान्वयन गर्न गराउन विकास साझेदार, गैरसरकारी संघसंस्था, सामुदायिक संघसंस्था, समुदाय र नागरिक समाजको समेत सहयोग परिचालन गरी स्रोत व्यवस्थापन गरिनेछ।

ङ) कार्यढाँचाका प्राथमिक कार्यको कार्यान्वयनका लागि यसमा तोकिएका क्रियाकलापहरूको कार्यान्वयन गर्न गराउन व्यावसायिक, सार्वजनिक तथा नीजि क्षेत्र आदि समेतको साझेदारी सहयोगमा स्रोत व्यवस्थापन गरिनेछ।

च) कार्यढाँचाका प्राथमिकता कार्यको कानुनका लागि यहाँका स्थानीय बासिन्दा तथा जनमानसको क्षमता र स्रोतसाधनको उपयोग गर्ने गराउने प्रयत्न गरिने छ।

## २.२.७ सम्मुखता, संकटासन्नता र क्षमताको बिश्लेशण

### २.२.७.१ मौसमी तथा बाली पात्रो

स्थानीय मौसम र मौसमी अवस्था, बाली तथा प्रकोपमा आएको परिवर्तन बारे जानकारी हासिल गर्न परिवर्तित प्रकोप तथा मौसमी र वाली पात्रो विधिको प्रयोग गरिएको थियो । समुदायको ज्येष्ठ नागरीक, बुद्धिजीवि संगको छलफलबाट भएको जानकारी विवरणका आधारमा तापक्रम, वर्षाको स्वरुप, बिरुवाको व्यवहार, प्रकोपको स्वरुप आदिमा आधारित यो पात्रो तयार गरिएको थियो । मौसमी पात्रो सम्बन्धी जानकारी हासिल गर्न विगतको करिब ३० वर्ष पहिले र हालको बारे तुलनात्मक अध्ययन गरी प्रकोप, तापक्रम, बाली आदि हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्टता समुदायमा देखिएको थियो । साफेबगर नगरपालिकामा तयार पारिएको परिवर्तित प्रकोप तथा मौसमि र वाली पात्रो तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १६: साफेबगर नगरपालिकाको मौसमी तथा वाली पात्रो**

| सम्मुखताका क्षेत्र | सूचकहरु | समय | बैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मीका दिन | पहिले | १ | २ | ४ | ४ | ३ | | | | | | | | गर्मीको समय उस्तै रहेता पनि अत्याधिक गर्मी १ महिना वढेका |
| | | अहिले | २ | ४ | ४ | ४ | ३ | | | | | | | १ | |
| | जाडोका दिन | पहिले | | | | | | १ | २ | ३ | ४ | ४ | ३ | १ | जाडोका दिन २ महिनाले घटेको साथै अत्याधिक जाडो हुने समय पनि १ महिनाले घटेको |
| | | अहिले | | | | | | | १ | २ | ४ | ४ | १ | | |
| वर्षा तथा यसको स्वरुप | मौसमि वर्षा | पहिले | | १ | ४ | ४ | १ | | | | | | | | वर्षा १ महिनाले घटेको र १ महिनाले पछाडी सरेको |
| | | अहिले | | | १ | २ | २ | १ | | | | | | | |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | पहिले हिउदमा वर्षा नहुने तर हिउ पर्न कमि भै वर्षा हुने गरेको |
| | | अहिले | | | | | | | | | १ | १ | १ | | |
| प्रकोप को स्वरुप | हिमपात | पहिले | | | | | | | १ | १ | ४ | ४ | ४ | १ | अहिले हिउ कम पर्न थालेको र हिउ पर्ने समय २ महिनाले कमि आयको |
| | | अहिले | | | | | | | | | ३ | ३ | १ | १ | |
| | तुषारो | पहिले | | | | | | १ | २ | २ | | | | | पहिले भन्दा अहिलेको समय १ महिनाले घटेको |
| | | अहिले | ३ | | | | | | १ | १ | | | | | |

| सम्मुखताका क्षेत्र | सूचकहरु | समय | बैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खडेरी को घटना | पहिले | | | | | | | | | | | | | पहिले खडेरी को प्रभाव भन्दा अहिले बढ्दो |
| | | अहिले | ३ | ४ | | | | | | | | | १ | २ | |
| | बाढी र पहिरोको घटना | पहिले | | | १ | १ | | | | | | | | | वर्षा हुने समयको परिवर्तन सँगै बाढी पहिरोको घटनाक्रम पनि पछि सरेको |
| | | अहिले | | | | ३ | ४ | | | | | | | | |
| जीविकोपार्जनका क्रियाकलापहरु | गहुँ छर्ने र भित्र्याने समय | पहिले | | ४ | | | | | ४ | | | | | | पहिले जेष्ठमा फाफर छर्ने र कार्तिकमा भित्र्याउने गरेकोमा हाल असारमा छर्ने र असोजमा भित्र्याउने गरेको |
| | | अहिले | | | ४ | | | ४ | | | | | | | |
| | जौ छर्ने र भित्र्याने समय | पहिले | | ४ | | | | | | ४ | | | | | जौ पहिले मंसिरमा छर्ने जेष्ठमा भित्र्याइन्थ्यो भने हाल कार्तिक मंसिर तिर छर्ने जेष्ठमा भित्र्याउने गरेको |
| | | अहिले | | ४ | | | | | ४ | ३ | | | | | |
| भौतिक जानकारी | पानीको मूलफुटने | पहिले | | १ | २ | ३ | | | | | | | | | पहिले हिउँ प्रशस्त मात्रामा पर्ने भएकोले हिउँदे मुलहरु चैत्र र बैशाखमा फुटने र वर्खे मुलहरु असार र श्रावणमा फुट्ने गरेकोमा हाल हिउ कमपर्ने कारण हिउँदे मुल नफुट्ने र वर्खे मुल मात्र फुटने गरेको |
| | | अहिले | | | | ३ | | | | | | | | | |
| | पहिले भन्नाले ३० वर्ष भन्दा माथि र अहिले भन्नाले २, ३ वर्ष देखि यताको समय सम्झनु पर्छ | | | | | | | | | | | | | | |

जलवायु परिवर्तनका कारण हाल गर्मीका दिनहरु बढेका छनभने जाडोका दिनहरु घट्ने क्रममा छन । हिउ कम पर्न थालेको छ जसले गर्दा हिउँदे वर्षा हुने गरेको छ । यस्ता मौसमी परिवर्तनले गर्दा बाढी, पहिरोको घटना झन बढ्ने क्रममा छ र यसले पार्ने जोखिम पनि उच्च रहेको छ । वर्खे बर्षा पर्ने समयमा पनि कमी सँगसँगै यसको मात्रामा पनि कमी आएको छ जसले गर्दा पहिले भन्दा अहिले खडेरीको प्रभाव उच्च पाइएको छ । यी फेरबदलले गर्दा बाली लगाउने तथा भित्र्याउने समयमा पनि फरक अनिश्चितता देखिएको छ।

### २.२.७.२ प्रकोपको स्तरीकरण

ऐतिहासिक घटनाक्रम तथा प्रकोप नंक्शाकनबाट पहिचान गरिएका साफेवगर नगरपालिका अन्तगतका १४ वटै वडाहरुमा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको प्रकोप कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो । ऐतिहासिक समयरेखा र छलफलको आधारमा देखिएको विभिन्न प्रकारका जलवायुजन्य तथा गैह्रजलवायुजन्य प्रकोपहरुले सबै भन्दा बढी जिविकोपार्जनमा पारेको असर र प्रकोपको वारम्वारता साथै त्यसको असरको लेखाजोखा गरी जोखिम तथा प्रकोपको विश्लेषण गर्न जोडा विधीको प्रयोग गरि प्रकोप स्तरिकरण गरिएको छ ।

**तालिका नं. १७: नगरपालिका स्तरीय प्रकोप स्तरीकरण**

| **प्रकोप** | बाढी | पहिरो | वन्यजन्तु आतंक | भूकम्प | आगलागी | असिना | खडेरी | चट्याङ | मानव रोग | पशु रोग | कृषि रोग | हावाहुरी | हिमपात | तुषारो | मिचाहा प्रजाती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| वन्यजन्तु आतंक | | | | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक | वन्यजन्तु आतंक |
| भूकम्प | | | | | भुकम्प | भुकम्प | खडेरि | चट्याङ | मानव रोग | पशु रोग | कृषि रोग | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| आगलागी | | | | | | असिना | खडेरी | चट्याङ | मानव रोग | पशु रोग | कृषि रोग | आगलागी | आगलागी | आगलागी | आगलागी |
| असिना | | | | | | | खडेरी | चट्याङ | मानव रोग | पशु रोग | कृषि रोग | असिना | असिना | असिना | असिना |
| खडेरी | | | | | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| चट्यांग | | | | | | | | | मानव रोग | पशु रोग | कृषि रोग | चट्याङ | चट्याङ | चट्याङ | चट्याङ |
| मानव रोग | | | | | | | | | | पशु रोग | कृषि रोग | मानव रोग | मानव रोग | मानव रोग | मानव रोग |
| पशु रोग | | | | | | | | | | | कृषि रोग | पशु रोग | पशु रोग | पशु रोग | पशु रोग |
| कृषि रोग | | | | | | | | | | | | कृषि रोग | कृषि रोग | कृषि रोग | कृषि रोग |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | | हावाहुरी | हावाहुरी | मिचाहा प्रजाती |
| हिमपात | | | | | | | | | | | | | | तुषारो | मिचाहा प्रजाती |
| तुषारो | | | | | | | | | | | | | | | मिचाहा प्रजाती |
| मिचाहा प्रजाती | | | | | | | | | | | | | | | |
| अंकभर | १४ | १३ | १२ | ६ | ४ | ५ | ११ | ७ | ८ | ९ | १० | २ | ० | १ | ३ |
| स्तर | १ | २ | ३ | ९ | ११ | १० | ४ | ८ | ७ | ६ | ५ | १३ | १५ | १४ | १२ |

समुदाय र साफेवगर नगरपालिका स्तरीय बिभिन्न कार्यक्रममा भएको व्यापक सहभागितामूलक छलफलबाट माथि उल्लेखित तालिका अनुसार यस नगरपालिकामा मुख्य गरी क्रमसः बाढी, पहिरो, वन्यजन्तु आतंक, खडेरी, कृषि रोग, पशुरोग, मानव रोग, चट्याङ, भूकम्प, असिना, आगलागी, मिचाहा प्रजाति, हावाहुरी, तुषारो र हिमपातको प्रभाव देखिन्छ । यस साफेवगर नगरपालिकाको कमजोर भुवनावट र भौगोलिक विकटता रहेको र अनियमित बर्षा, सुख्खा खडेरी असिनापानीका कारण बाढि, पहिरोले बर्षेनी वस्तीस्तर र खोला किनाराका खेतीयोग्य जग्गाजमिन, मानवीय वस्ती र मानवीय क्षति हुने गरेको पाईन्छ । बदलिदो मौसम तथा जलवायु परिवर्तनले कृषि र पशुपालनमा बिभिन्न किसिमका नयानया रोगले पशुचौपायहरु क्षति हुनेगरेको साथै वन र खेतीयोग्य जमिनमा बिभिन्न प्रकारका मिचाहाप्रजाती देखापरेको पाईन्छ । सुख्खा खडेरीको कारण कृषि उत्पादनमा कमी, मौसमी तथा बेमौसमी तरकारी खेती र अन्नवालीलाई रोगकिराले अधिकतम असर गर्ने गरेको साथै वनक्षेत्रसंग जोडिएका आवादी खेतीयोग्य क्षेत्रमा वन्यजन्तुले अन्नवाली, फलफूल र तरकारी खेती क्षति गर्ने गरेको छ ।

### २.२.८ जोखिमको बिश्लेषण

समग्र यस साँफेवगर नगरपालिका मा रहेको प्रकोपको प्रभाव, प्रकोपको प्रभावित क्षेत्रहरु विश्लेषण गर्नुका साथै भविष्यमा प्रकोप हुन सक्ने जोखिम र प्रकोपले पार्न सक्ने जोखिमको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको आवृति, गाम्भीर्यता, प्रभाव र जोखिम को अवस्थाको स्तर चित्रण गरिएको छ ।

**तालिका नं. १८: नगरपालिका प्रकोप पात्रो**

| प्रकोप | समय | बैशाख | | जेठ | | आषाढ | | श्रावण | | भाद्र | | आश्विन | | कार्तिक | | मंसिर | | पौष | | माघ | | फागुन | | चैत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| वन्यजन्तु आतंक | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कृषि रोग | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पशुरोग | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मानव रोग | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चटयाङ | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| भूकम्प | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मिचाहा प्रजाति | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |

| प्रकोप | समय | बैशाख | | जेठ | | आषाढ | | श्रावण | | भाद्र | | आश्विन | | कार्तिक | | मंसिर | | पौष | | माघ | | फागुन | | चैत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हावाहुरी | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| तुषारो | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हिमपात | पहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | | | | | | | | | | | | | |

माथि उल्लेखित प्रकोप पात्रो अनुसार साँफेवगर नगरपालिका भित्र बर्षातको समय घटेको हुनाले बाढि र पहिरोको समय पनि घटेको देखिन्छ । वन्यजन्तुको बढदो अवस्था को कारण स्थानीय समुदाय खालि हुदै गएको छ । माथिल्नो भागमा हिमपात र खोला नदी किनारमा तुषारोको प्रभाव र समयावधि घट्दो रहेको छ । जलवायु परिवर्तनका कारण हाल गर्मीका दिनहरु बढेका छनभने जाडोका दिनहरु घट्ने क्रममा रहेको छलफलबाट पुष्टि हुन्छ । यस्ता मौसमी परिवर्तनले गर्दा बाढी, पहिरोको समय घट्दो छभने घटनाक्रम झन बढ्दो छ र यसले पार्ने जोखिम पनि उच्च रहेको छ ।

**तालिका नं. १९: जोखिम बिश्लेषण**

| प्रकोप, विपद् | संकटासन्नता | आवृति | गाम्भिर्यता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|
| बाढी, पहिरो | चौपायाको क्षति हुनु । खेती योग्य जमिन कटान, डुवान तथा ढुङ्गा बालुवा थुपार्नु । झोलुङ्गे, काठेपुल, पक्कीपुल क्षति हुनु, मानवीय क्षति, यातायात तथा आवातजावातमा अवरुद्द हुनु । | उच्च | मध्यम | उच्च | उच्च |
| वन्यजन्तु आतंक | स्वतन्त्रपूर्वक हिडडुल गर्न कठिन हुनु र मानवीय क्षति हुनु । त्राहित्राहि बस्नु । घरपालुवा चौपाय र कुखुरा साथै तथा अन्नवाली, फलफूल, कन्दमुल उत्पादन ह्रास र नोक्सान हुनु । | उच्च | उच्च | उच्च | उच्च |
| सुख्खा खडेरी | अन्न उत्पादनमा कमी हुनु । पानीका मुहान सुक्नु । पुर्नउत्पादनमा कमी । खाद्यान्न अभाव तथा भोकमरी हुनु । मानव रोग, पशुरोग र कृषिमा रोग तथा वन्यजन्तुहरुको बासस्थान नास हुनु । | मध्यम | मध्यम | मध्यम | मध्यम |
| कृषिमा रोग | जीविकोपार्जनमा समस्या हुनु, अन्नको अभाव हुनु, स्थानीय तथा रैथाने वीउविजन लोप हुनु, भोकमरी सृजना हुनु | मध्यम | मध्यम | मध्यम | उच्च |
| पशु रोग | ख्याउटे तथा रोगी पशुहरुको जन्मिनु, स्थानीय तथा रैथाने जातका पशुहरु लोप हुनु, चौपायाहरुको क्षति हुनु | मध्यम | मध्यम | मध्यम | मध्यम |
| मानव रोग | मानीस अस्वस्थ हुनु, खर्च बढनु, जीविकोपार्जमा समस्या हुनु | मध्यम | मध्यम | उच्च | मध्यम |
| चट्टयाङ | मनोवैज्ञानिक असर हुनु, भौतिक संरचनाको क्षति हुनु | उच्च | मध्यम | मध्यम | उच्च |

| | | | | | |
|---|---|---|---|---|---|
| भुकम्प | कमजोर संरचना । कमजोर भुवनावट । अग्ला पहाडहरु बाट ढुंगा खस्नु । | न्युन | उच्च | उच्च | उच्च |
| असिना | अन्नवाली, तरकारीखेती र फलफूल नष्ट हुनु, अन्नपातको अभाव हुनु, स्थानीय वीउविजन लोप हुनु, | उच्च | मध्यम | मध्यम | उच्च |
| आगलागी | वोटविरुवा नष्ट हुनु, महत्वपूर्ण जटिवुडि नष्ट हुनु तथा लोप हुनु, वन विनास हुनु, भु.क्षय हुनु, पहिरो आउनु, वन्यजन्तुहरुको बासस्थान नास हुनु, उत्पादनमा कमि हुनु । | उच्च | मध्यम | मध्यम | मध्यम |
| मिचाहा प्रजाती | पुन उत्पादनमा ह्रास हुनु । बहुमुल्य जडिबुटी नष्ट हुनु । | न्युन | मध्यम | मध्यम | मध्यम |
| हावाहुरी | अन्नवाली, तरकारी खेती र फलफूल खेती नष्ट हुनु, स्थानीय समुदायका घरका छानाहरु क्षति हुनु, बिद्यालयका छाना क्षति हुनु, रुखहरु ढलेर बाटो अवरुद्द हुनु | मध्यम | मध्यम | मध्यम | उच्च |
| हिउ तुषारो | अन्नवाली र तरकारी खेती क्षति हुनु, आवत जावत तथा हिडडुल अवरुद्द हुनु | मध्यम | न्युन | न्युन | न्युन |

माथि उल्लेखित प्रकोपको अवस्था र अनुकूलनका प्रयासको अवस्थालाई बिश्लेषण गर्दा कमजोर भुवनोट, भौगोलिक विकटता र अनियमित बर्षाको कारण नगरपालिका क्षेत्र भित्र रहेका खोला, नदी तथा खहरेखोलाहरुले गर्दा जनधन र सामाजिक, भौतिक संरचनाहरुलाई क्षति गर्ने गरेकोले अन्य प्रकोपहरुको तुलनामा बाढि, पहिरो, वन्यजन्तु आतंक लगायतका प्रकोपहरुले बिपद् निम्त्याएकोले मानवीय जिवनयापनमा अधिकतम असर पारेको देखिन्छ तसर्थ स्थानीय तथा अन्य सरोकारवाला निकायहरुको सहयोग र समन्वयमा ब्यवस्थापनका कृयाकलापहरु तत्काल कार्यान्वयन गर्न नगरपालिका र वडा तथा स्थानीय समुदायले प्रयास गर्नुपर्ने देखिन्छ ।

### २.२.९ जोखिमको विश्लेषण तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण

### क) औसत तापक्रमको विश्लेषण

सन् १९९२ देखि २०२१ सम्मको नगरपालिकाको बार्षिक औसत तापक्रमलाई विश्लेषण गर्दा सो अबधीमा यहाँको बार्षिक औषत तापक्रम १९.५६ डिग्री सेल्सीयस रहेको देखिन्छ भने तापक्रम बढ्दो क्रममा रहेको छ । जुन तलको चित्रमा देखाईएको छ । यस नगरपालिकामा बार्षिक औषत तापक्रम ०.०१५३ डिग्री सेन्टिगे्रडले बढ्दो क्रममा रहेको छ ।




*चित्र न. ७ बार्षिक औषत तापक्रम*

### ख) वर्षाका तथ्यांकहरुको विश्लेषण

सबैभन्दा नजिकैको तापक्रम तथा बर्षा मापन केन्द्रको सन् १९७६ देखिको २०१९ सम्मको बार्षिक बर्षाका तथ्यांकहरुको विश्लेषण गर्दा हालका दिनहरुको औसत वार्षिक वर्षा घट्दो क्रममा रहेको छ। औसत वार्षिक वर्षा १४२० मिमि रहेको छ। यो तथ्याङ्कले ४३ वर्षको अवधिमा औषतमा सम्पूर्ण वर्षमा जम्मा भएको वर्षाको कुल मात्रालाई प्रतिनिधित्व गर्दछ। हाल सम्मको उपलब्ध तथ्यांक अनुसार सन् १९८३ मा अधिकत्तम २१४२ मिमि बर्षा र सबभन्दा कम बर्षा सन् १९७६ मा ९८८.८८ मिमि रेकर्ड गरिएको छ। तथ्यांकहरुको बिषलेषण गर्दा बार्षिक औषत बर्षा १.०७८ मिमिले घट्दो क्रममा रहेको छ।




*चित्र नं. ८: सन् १९७६ देखि पछिल्लो अवस्थासम्म वर्षातमा देखिएका परिवर्तन*

**निष्कर्षः**

तापक्रम तथा बर्षाको तथ्याङ्क विश्लेषणले तापक्रम बढ्ने क्रममा रहेको र औषत बार्षिक वर्षामा कमि आएको देखिन्छ। जलस्रोत व्यवस्थापन, कृषि योजना, र जलवायु परिवर्तनको सम्भावित प्रभावहरूको तयारीको लागि यी ढाँचाहरू बुझ्नु महत्त्वपूर्ण रहेको छ। यी प्रवृत्तिहरूको आधारमा अनुकूलनका योजनाहरु निर्माण गर्नु पर्ने देखिन्छ।

# परिच्छेद ३ विपद् तथा जलवायु उत्थानशिल कार्यढाँचा

## ३.१ सोच, लक्ष, रणनीति

### ३.१.१ सोच

विस्थापित र विपन्न वर्गकामुखी वातावरण, जलवायु परिवर्तन तथा लैंगिक मैत्री जलवायु उत्थानशील समाजको निर्माण गर्नु ।

### ३.१.२ लक्ष्य

क) विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकास निर्माणका कार्यसँग मूलप्रवाहीकरण गर्ने ।

ख) विपद् तथा जलवायु अनुकूलनका कार्यक्रमलाई एकाकार गर्दै उत्थानशील समाज र संरचनाको निर्माण गर्ने ।

ग) नेपाल सरकारले जारी गरेको १६ औं आवधिक योजना र सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको दोस्रो आवधिक योजनासँग यो कार्यढाँचालाई एकाकार गरी दिगो विकास, हरित अर्थतन्त्र र विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमलाई मूलप्रवाहीकरणका साथ कार्यान्वयन गर्न गराउने ।

घ) विपद् जोखिम प्रभावित महिला, विस्थापित व्यक्तिहरूका घरपरिवारका लागि वातावण संरक्षण तथा जलवायु अनुकूलनबाट सुरक्षित, व्यवस्थित र मर्यादित जीवनको सुनिस्चित गर्ने

ङ) जलवायु अनुकूलनका कार्यक्रमहरुलाई स्थानीय जीवनशैलीसँग आवद्ध गर्दै प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

### ३.१.३ रणनीति

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाका निर्दिष्ट लक्ष्य हासिल गर्ने रणनीतिहरू देहाय बमोजिम रहेका छन्।

क) विपद् तथा जलवायु उत्थानशीलताका लागि स्थानीय स्तरमा गर्नुपर्ने मूलभूत कार्यको पहिचान र प्राथमिकीकरण गर्ने ।

ख) कार्यढाँचामा प्राथमिकीकरण गरिएका कार्यहरूको कार्यान्वयनका लागि धरातलीय यथार्थता र स्थानीय आवश्यकता अनुरूपका क्रियाकलापहरू सुनिश्चित गरी कार्यान्वयनबाट हासिल हुन सक्ने अपेक्षित वस्तुपरक प्रतिफलको प्रक्षेपण गर्ने ।

ग) कार्यढाँचाको कार्यान्वयन गर्दा, गराउँदा दिगो विकास, हरित अर्थतन्त्र र विपद् जोखिम न्यूनीकरणका तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरुलाई मूलप्रवाहीकरणका साथ लागू गर्ने गराउने ।

घ) कार्यढाँचाको कार्यान्वयनका लागि चाहिने आवश्यक समयसिमा र स्रोत, साधनको पहिचान गरी तिनको उपलब्धताको आधार र प्रक्रियामा सुनिश्चित गर्ने ।

ङ) अछाम जिल्ला स्थित विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको कानुन कार्यान्वयन प्रक्रियासँग यो कार्यढाँचालाई आबद्ध गरी जिल्ला विपद् व्यवस्थापन समितिको सहयोग लिने र आवश्यक समन्वय सहकार्यका साथ यो कार्यढाँचाको कार्यान्वयन गर्ने गराउने ।

च) विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको कार्यान्वयनका लागि संघीय सरकारका सम्बन्धीत निकाय र सुदूरपश्चिम प्रदेश सरकारको सहयोग लिँदै कार्यढाँचाको कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्ने गराउने ।

छ) कार्य ढाँचा कार्यान्वयनको लागि विकास साझेदार निकाय, प्रतिष्ठान समेतलाई परिचालन गर्ने गराउने ।

ज) साँफेवगर नगरपालिकामा उपलब्ध निजी क्षेत्र व्यावसायिक प्रतिष्ठान र नागरिक समाजको सहयोग परिचालन गर्ने गराउने ।

झ) कार्यढाँचाको कार्यान्वयनका लागि साँफेवगर नगरपालिकाका स्थानीय बासिन्दाहरु को क्षमता विकास र स्रोत साधनको अधिकतम उपयोग गर्ने गराउने ।

ञ) लैंगिक समानतामुखी बसाईसराई, वातावरण, जलवायु परिवर्तनको सम्वन्धनलाई प्राथमिकतामा राखी यस उत्थानशील कार्यढाँचालाई विभिन्न सरोकारवालहरुको सहयोगमा कार्यान्वयन गर्ने गराउने । लैंगिक समानतामुखी बसाईसराई, वातावरण, जलवायु परिवर्तनको सम्वन्धनलाई प्राथमिकीकरण गर्दा निम्नानुसार बुँदाहरुलाई अवलम्वन गरिनेछ

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण अहिलेको आवश्यकता रहेकोछ । ११५औं अन्तर्राष्ट्रिय महिला दिवस अनुसार 'सबै महिला तथा बालिकाका लागिः अधिकार, समानता र सशक्तिकरण" भनेकोछ । महिलाको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धिहरुलाई आत्मसाथ गर्दै महिलाको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तिकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, विपद् तथा जलवायु परिवर्तनका समस्याहरुको बढी असर महिलाहरुमा पर्ने भएकोले जोखिमहरुको विश्लेषण गरी जलवायु अनुकूलन योजना बनाई सहयोग गर्ने, क्षमता अभिवृद्धिका साथै व्यवसायिक तालिमहरु प्रदान गरी आत्मनिर्भर बनाउने जस्ता कार्यहरु विपन्न महिलाहरुका लागि प्रथामिकता दिनुपर्ने देखिन्छ । समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको राजनीतिक तथा प्रशासनिक क्षेत्रमा अर्थपूर्ण रूपमा महिलाको सहभागिता बढ्दै गएको भएपनि पालिकास्तरीय योजना निर्माण कार्यमा महिला, विपन्न समुदायहरुको प्रत्यक्ष रुपमा अर्थपूर्ण सहभागिता बढाउनुपर्ने देखिन्छ ।
- लैंगिक समानता तथा सामाजिक समावेशी रुपमा बसाईसराई, वातावरण, जलवायु परिवर्तनको सम्वन्धनलाई सहयोग पुग्ने गरी स्थानीय अनुकूलन योजना निर्माण गरिनेछ । यो पालिका सहित नेपालमा अहिले मानिसहरु घरायसी जीविकोपार्जनका लागि, वालवच्चा पठनपाठनका लागि, व्यापार व्यवशायको खोजीका लागि, नकारात्मक वातावरणीय प्रभावबाट छुटकाराका लागि, विपद् तथा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम वहन गर्न नसकी नयाँस्थानहरुको खोजीका लागि, अत्यधिक सुखभोगका लागि, थोरै जग्गा तर उत्पादन र आम्दानी कम भएको कारण खाद्यान्न र जागीरपेशाका लागि स्थायी वा अस्थायी वा पटके रुपमा देश भित्र बाहिर, वा गाँउ र जिल्ला बाहिर वा छिमेकी गाउ र पालिकाहरुमा बसाई सराई तिव्र रुपमा भईरहेको देखिन्छ । उनीहरुको बसाईसराई विभिन्न कारणले भएपनि सुरक्षित, व्यवस्थित र नियमित हुनुपर्नेहुन्छ । पालिकाहरुले उनीहरुका लागि नीति, योजना तथा बजेट विनियोजन गर्नुपर्नेहुन्छ
- लैंगिकमुखी वातावरण, बसाईंसराई तथा जलवायु अनुकूलनको समायोजनका लागि फिल्डस्तरबाट आएका सिफारिस गर्न सकिने सम्भावित अनुकूलनका कृयाकलापहरु कार्यान्वयन गर्ने

## ३.२ विपद् जोखिम न्यूनीकरणका उपायहरू

### ३.२.१ प्राथमिकताका क्षेत्र १- विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाई

| प्राथमिकाताका कार्य | |
|---|---|
| १.१ | समुदाय र नगरपालिकाको बहुप्रकोप विपद् र जलवायु परिवर्तन जोखिमको पहिचान |
| १.२ | सबै सार्वजनिक र नीजि बिद्यालयहरु, स्वास्थ्य सुविधाहरु, सार्वजनिक भवनहरु र सार्वजनिक महत्जका सम्पदाहरुको संरचनागत एकिकृत लेखाजोखा गरी प्रमुख प्रकोपहरु, जोखिम लगानी र कार्यहरुको दायरा सूचित गर्ने। |
| १.३ | क्षेत्रगत विकास आयोजनाहरूको लागि विपद् र जलवायु जोखिम परीक्षण स्थापना गर्ने। |
| १.४ | सीमाका जोखिमहरू लेखाजोखा गर्ने (उदाहरणका लागि छिमेकी पालिकाहरूसँग मिलेर समाधान गर्नुपर्ने। बाढी, पहिरो, वन्यजन्तु आतंक वनजंगलमा आगोलागी जस्ता विपद् आदि।) |

**तालिका नं. २०: प्राथमिकताका क्षेत्र १ को अन्तर्गतको योजना**

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१ समुदाय र नगरपालिकाको बहुप्रकोप विपद् र जलवायु परिवर्तन जोखिमको पहिचान । | बुढीगंगा नदी तथा सहायक गाड र खोला नियण्त्रण तथा व्यवस्थापन योजना बनाउने | तथ्याङ्क संकलन तथा अभिलेखिकरण र जोखिम तथा क्षमताको विश्लेषण भएको हुनेछ । | २ बर्ष | ५० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | पूर्वाधार शाखा, विषयगत निकायहरु | उच्च | आन्तरिक र विकास साझेदार | तथ्याङ्क संकलन र बजेट व्यवस्थापन | बहुप्रकोप तथा जोखिमको नक्सा डिजाईन सहितको योजना तयार हुनेछ |
| | लैससास मुखी बसाईसराईको जोखिम सहित बहुप्रकोपहरुको | विपद् तथा फरक प्रभावको आंकलन हुने तथा प्रभाव न्यूनिकरणको लागि | २ बर्ष | २० लाख | सामाजिक सुरक्षा शाखा, महिला वालवालिका | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उच्च | आन्तरिक र विकास साझेदार | वास्तविकत थ्याङ्क संकलन | विपद तथा प्रकोपहरुको फरक प्रभावको जानकारी तथा |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिश्लेषण गर्ने | रणनैतिक उपायहरुको पहिचान हुनेछ । | | | | | | | | रणनैतिक उपाय पहिचाग भएको |
| | वातावरण विनास, जलवायु परिवर्तनको प्रभाव तथा विपद् जोखिम को कारण विस्थापित हुनेको रेकर्ड तयार गरी अनुकूलन क्षमता आंकलन गर्ने | विस्थापितहरुको रेकर्ड तयार हुने<br>समस्या पहिचान हुने<br>कार्ययोजना तयार हुने | २ बर्ष | १५ लाख | सामाजिक सुरक्षा शाखा, महिला वालवालिका | वातावरण तथा विपद् व्यवस्थापन शाखा र सहयोगी निकायहरु | उच्च | आन्तरिक र विकास साझेदार | समन्वय र तत्पर्ता | विस्थापित हुनेको लागि लागि सुरक्षित, व्यवस्थित तथा नियमितताको लागि जोखिम क्षमता आंकलन भई योजना निर्माण भएको |
| १.२ सबै विद्यालयहरू स्वास्थ्य सुविधाहरु सार्वजनिक भवनहरू र सार्वजनिक महत्वका सम्पदाहरूको संरचनात्मक एकीकृत लेखाजोखा गरी प्रमुख प्रकोपहरूको जोखिम, लगानी र कार्यको दायरा सुचित गर्ने । | सार्वजनिक संरचनाहरुको जोखिम लेखाजोखा गर्ने । | बिद्यमान सार्वजनिक संरचनाको स्थिति यकिन हुने । | १ बर्ष | ५ लाख | पूर्वाधार शाखा, | प्रदेश, संघिय सरकार, विकास साझेदार निकायहरु | उच्च | आन्तरिक श्रोत र विकास साझेदार निकायहरु | प्राविधिक जनशक्ति र श्रोत साधन | सार्वजनिक संरचनाको स्थिति यकिन हुने । |
| | पुनर्निर्माण र प्रवलिकरण गर्दा सार्वजनिक संरचनाको विवरण तयार गर्ने | सार्वजनिक संरचनाको स्थिति र अवस्था स्पष्ट हुने । | १ बर्ष | १० लाख | पूर्वाधार शाखा, विषयगत निकायहरु | प्रदेश, संघिय सरकार, विकास साझेदार निकाय | उच्च | आन्तरिक श्रोत र विकास साझेदार निकायहरु | प्राविधिक जनशक्ति र श्रोत साधन | सार्वजनिक संरचनाको स्थिति स्पष्ट भएको |
| | आवश्यक सार्वजनिक | आवश्यक सार्वजनिक संरचनाको मात्रा, प्रकृति | २ बर्ष | १० लाख | पूर्वाधार शाखा, विषयगत निकायहरु | प्रदेश, संघिय सरकार, विकास साझेदार | मध्यम | आन्तरिक श्रोत र विकास | प्राविधिक जनशक्ति र स्रोत साधन | चाहिने मात्रा, प्रकृति र |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संरचनाको संख्या, आकार र श्रोतको आंकलन गर्ने । | र श्रोत आंकलन बमोजिम योजना तर्जुमा गर्ने आधार तयार हुनेछ | | | | निकायहरु | | साझेदार निकायहरु | | स्रोत स्पष्ट भएको |
| | विपद् जोखिमबाट प्रभावित विद्यालयहरू र सार्वजनिक भवनहरूको लागि लगत सहित योजना तयार गर्ने | विपद् जोखिमबाट प्रभावित विद्यालयहरू र सार्वजनिक भवनहरूको लागि लगत सहित योजना तयार हुने | २ बर्ष | ८० लाख | पूर्वाधार शाखा, | प्रदेश, संघिय सरकार, विकास साझेदार निकायहरु | उच्च | आन्तरिक श्रोत र विकास साझेदार निकायहरु | प्राविधिक जनशक्ति र स्रोत साधन | सार्वजनिक संरचनाको स्थिति स्पष्ट भएको |
| १.३ क्षेत्रगत विकास आयोजनाहरुको लागि विपद् र जोखिम परिक्षण र लेखाजोखा प्रणालीको स्थापना | जनवायुको अवस्था र धरातलीय चाप अनुरुप विकास आयोजनाको लेखाजोखा गर्ने । | बदलिदो जलवायुको स्थिति र भू उपयोग गर्ने शैली अनुरुपका योजना तर्जुमाको आधार तय हुने | १ बर्ष | १५ लाख | पूर्वाधार शाखा, | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उच्च | आन्तरिक श्रोत र विकास साझेदार निकायहरु | प्राविधिक जनशक्ति र स्रोत साधन | भावि योजना तर्जुमाको लागि चाहिने आधार तय भएको |
| | लेखाजोखा प्रणालीका लागि चाहिने सूचक तयार गर्ने | धरातलीय यथार्तता अनुरुपका सूचक तयार हुने । | १ बर्ष | १० लाख | पूर्वाधार शाखा, | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उच्च | " | प्राविधिक जनशक्ति र स्रोत साधन | सुचकहरु तयार भएको |
| १.४ सिमाका जोखिमहरु लेखाजोखा गर्ने | हिमाली र उच्च पहाडी क्षेत्रमा पर्नसक्ने जलवायुको प्रभाव अध्ययन गर्ने | हिमाली र उच्च पहाडी क्षेत्रमा परेको जलवायुको परिवर्तनको असर स्पष्ट हुने । | २ बर्ष | १५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्रदेश, संघीय सरकार, बिषयगत विकास साझेदार निकायहरु | मध्यम | " | प्राविधिक जनशक्ति र स्रोत साधन | हिउँ, जंगल, वन्यजन्तु र जडोबुटि को अवस्था स्पष्ट भएको |
| | स्थानीय जलविद्युत | जलविद्युत आयोजनाका | १ बर्ष | १० | वातावरण तथा | " | उच्च | " | प्राविधिक | संभावित |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजना स्थल र प्रभावित क्षेत्रमा पर्नसक्ने असरको लेखाजोखा गर्ने | संरचनाले पार्नसक्ने संभावित असरको लेखाजोखा हुने । | | लाख | विपद् व्यवस्थापन शाखा | | | | जनशक्ति र स्रोत साधन | असरहरुको स्थिति स्पष्ट हुने । |
| १.५ विपद्‌को विस्तारित प्रभावलाई कम गर्ने | मध्यपहाडी सडक, सेती लोकमार्ग र साफे-बाजुरा सडक सहित पालिकाका सहायक सडक निर्माणबाट सिर्जित हुने संभावित जोखिमको लेखाजोखा गर्ने । | सडकको स्तरउन्नति र ट्रयाक खोल्ने कार्यबाट पर्नसक्ने असरको लेखाजोखा हुने | २ बर्ष | १५ लाख | पूर्वाधार शाखा, र वातावरण शाखा | प्रदेश, संघीय सरकार, बिषयगत विकास साझेदार निकायहरु | मध्यम | " | प्राविधिक जनशक्ति र स्रोत साधन | संभावित असरको स्थिति स्पष्टभएको |
| | बुढीगंगा जलविद्युत आयोजनाको निर्माण तथा सन्चालन बाट सिर्जित संभावित जोखिमको लेखाजोखा गर्ने | बिद्युत पावर हाउस, जलाशय, प्रसारण समेत बाट पर्नसक्ने असरको लेखाजोखा हुने | २ बर्ष | १५ लाख | पूर्वाधार शाखा, र वातावरण शाखा | प्रदेश, संघीय सरकार, बिषयगत विकास साझेदार निकायहरु | मध्यम | " | प्राविधिक जनशक्ति र स्रोत साधन | जलविद्युत आयोजनाको संभावित जोखिमको स्थिति स्पष्ट भएको |
| | सडकहरुको स्तरउन्नति गर्ने | कम्तिमा पनि मुख्य सडकको स्तरउन्नति हुने | ३ | ५ करोड | पूर्वाधार शाखा, र वातावरण शाखा | " | मध्यम | " | " | सडकहरुको स्तरउन्नति भएको |

### ३.२.२ प्राथमिकताका क्षेत्र २ स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण

| प्राथमिकाताका कार्य | |
|---|---|
| २.१ | साफेवगर नगरपालिकाका सबै बिषयगत शाखाहरुको भुमिका र जिम्मेवारी निर्धारण गर्ने । |
| २.२ | प्रभावकारी कार्यका लागि नगरपालिकाको नीतिगत र कानुनी व्यवस्था सुदृढ गर्ने । |
| २.३ | प्रभावकारी विपद् तथा जलवायु उत्थानशिलताको लागि नगरपालिकाको संगठनात्मक संगठन, संरचना र मानव शंसाधन कार्यको समिक्षा गरी अध्यावधिक गर्ने । |
| २.४ | विपद् तथा जलवायु उत्थानशिल कार्यढाँचालाई नगरपालिकाको आवधिक, बार्षिक र बिषयगत योजना र कार्यक्रममा समाहित गर्ने । |
| २.५ | विपद् तथा जलवायु उत्थानशिल बिषयसंग सम्बन्धीत बिद्यमान नीति, ऐन, नियम, निर्देशिका र कार्यविधिको समयानुकूल संशोधन, परिमार्जन र एकिकरण गर्ने । |

**तालिका नं. २१: प्राथमिकताका क्षेत्र २ अन्तर्गतको योजना**

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१ साँफेवगर नगरपालिकाका सबै शाखाहरुको भुमिका र जिम्मेवारी निर्धारण गर्ने । | विपद् तथा वातावरण शाखा र अन्य सबै शाखाहरुको भुमिका र जिम्मेवारी स्पष्ट हुने | विपद् तथा वातावरण को कार्यमा सबै शाखाहरुको भुमिका र जिम्मेवारी स्पष्ट भएको हुनेछ । | १ बर्ष | ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | स्पष्ट कार्य विवरण, जिम्मेवारी र जवाफदेहिताको निर्धारण भएको |
| २.२ कार्य प्रभावकारिताका लागि नगरपालिकाको नीतिगत र कानुनी ब्यबस्था सुदृढ गर्ने । | नगरपालिकाका अन्य नीतिगत प्रावधानसंग विपद् तथा जलवायु उत्थानशिलता सम्बन्धी नीतिगत र कानुनी प्रावधानको तादाम्यता कायम राख्ने । | नीतिगत र कानुनी स्पष्टता तथा एकरुपता हुनेछ । | २ बर्ष | ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका र बिषयगत निकाय हरु । | उच्च | आन्तरिक स्रोत र बिकास साझेदार | कार्य प्राथमिकता | समग्र नीति र ऐन, नियम, निर्देशिका र कार्यबिधि जारी भएको |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीतिगत प्रावधान र प्रवन्ध गरी कार्यगत समन्वय मार्फत प्रभावकारिता बढाउने । | पारस्पारिक सहकार्य र समन्वयबाट विपद् तथा जलवायु उत्थानशिलताको काम मूलप्रवाहिकरण हुने । | २ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिका र बिषयगत निकाय हरु । | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | विपद् तथा जलवायु उत्थानशिलता अभिवृद्दि भएको |
| | विपद् तथा प्रकोपको कारण विस्थापित भएका र हुनसक्ने अवस्थालाई सम्वोधन गर्न पालिकास्तरीय नीति र कार्यविधि अध्यावधिक गर्ने | विपद् तथा प्रकोपको कारण विस्थापित भएका र हुनसक्ने घरधुरी र परिवारको व्यवस्थित, मर्यादित, नियमितताको सुनिस्थित हुने | निरन्तर | २ लाख | वातावरण तथा विपद् व्यवस्थापन र प्रशासन शाखा | नगर कार्यपालिका र बिषयगत निकाय हरु । | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | विस्थापित हरुको घरधुरी र परिवारको व्यवस्थित, मर्यादित, नियमितताको सुनिस्थित भएको |
| २.३ प्रभावकारी विपद् तथा जलवायु उत्थानशिलताका लागि नगरपालिकाको संगठनात्मक संगठन, संरचना र मानव शंसाधन कार्यको समिक्षा गरी अध्यावधिक गर्ने । | विपद् तथा जलवायु उत्थानशिलताको कामलाई मुलप्रवाहीकरण गर्ने, विद्यमान संगठन, संरचनाको पुनरावलोकन गर्ने । | विपद् तथा जलवायु उत्थानशीलताको लागि चाहिने संगठन, संरचना र जनशक्तिको मात्रा यकिन हुने | १ बर्ष | ५ लाख | प्रशासन शाखा | नगर कार्यपालिका | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | आवश्यक जनशक्तिको स्थिति स्पष्ट हुने |
| | विपद् तथा जलवायु उत्थानशिलताको काममा खटिने जनशक्तिको क्षमता विकास गर्ने । | विपद् तथा जलवायु उत्थानशिलताको सक्षम जनशक्तिको विकास हुने । | निरन्तर | बार्षिक ५ लाख | प्रशासन शाखा | नगर कार्यपालिका | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | क्षमतावान जनशक्ति तयार हुने । |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नगरपालिकाको संगठनात्मक संगठन, संरचना र मानव शंसाधन कार्यमा लैङगिक तथा सामाजिक समावेशी गराउने | नगरपालिकाको संगठनात्मक संगठन, संरचना र मानव शंसाधनमा लैङगिक तथा सामाजिक समावेशीकरण हुने | निरन्तर | बार्षिक २ लाख | महिला तथा वालवालिकाशाखा | नगर कार्यपालिका | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | क्षमतावान जनशक्ति तयार हुने । |
| २.४ विपद् तथा जलवायु उत्थानशील कार्यढाँचालाई नगरपालिकाको आवधिक, बार्षिक र बिषयगत योजना र कार्यक्रममा समाहित गर्ने | कार्यढाँचाको प्राथमिक कार्यलाई नगरपालिकाको दिर्घकालिन र आवधिक योजनामा समाहित गर्ने । | विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका कार्यक्रमलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण भएको हुने । | निरन्तर | २० लाख | योजना शाखा | नगर कार्यपालिका | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | विपद् तथा जलवायु उत्थानशिलता अभिवृद्दि हुने । |
| | बार्षिक र बिषयगत योजना तथा कार्यक्रममा कार्यढाँचाका प्राथमिक कार्यलाई समाहित गर्ने । | चालु योजना र कार्यक्रममा कार्यढाँचाका कार्यहरु समेटिने । | निरन्तर | २० लाख | आर्थिक प्रशासन शाखा | नगर कार्यपालिकाका बिषयगत निकाय | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | विपद् तथा जलवायु उत्थानशिलता अभिवृद्दि हुने । |
| २.५ विपद् तथा जलवायु उत्थानशील बिषयसंग सम्बन्धीत बिद्यमान नीति, ऐन, नियम, निर्देशिका र | नगरपालिकाको लागि चाहिने ऐन, नियम, निर्देशिका, कार्यबिधि, कार्यढाँचा र | विपद् तथा जलवायु उत्थानशीलका लागि चाहिने नीतिगत प्रावधानको सूची तयार | १ बर्ष | ३ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिकाका बिषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | नीतिगत प्रावधानको स्पष्टता हुने । |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यविधिको समयानुकूल संशोधन, परिमार्जन र एकिकरण गर्ने । | योजनाको सूची तयार गर्ने । | हुने । | | | | | | | | |
| | विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यढाँचा र योजनाको पुनरावलोकन गर्ने | विद्यमान नीतिगत प्रावधानको समिक्षा हुने । | १ बर्ष | २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिकाका बिषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | नीतिगत प्रावधानहरुको अध्यावधिक गर्ने । |
| | आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यढाँचा र योजना समेतको तर्जुमा र संशोधन गर्ने | आवश्यक नीतिगत प्रावधानको तर्जुमा हुने । | निरन्तर | बार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर कार्यपालिकाका बिषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | नीतिगत स्पष्टता र प्रावधानहरु को प्रयाप्तता हुने । |

### ३.२.३ प्राथमिकताका क्षेत्र ३ - उत्थानशीलता वृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा नीजि तथा सार्वजनिक लगानी

| प्राथमिकाताका कार्य | |
|---|---|
| ३.१ | साफेवगर नगरपालिकाका सबै बिद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक भवनहरु जलवायु परिवर्तन लगायत बहुप्रकोप जोखिमबाट सुरक्षित बनाउने । |
| ३.२ | सम्भावित उच्च जोखिमयुक्त वस्ती र घरहरुको पुनस्थापना गर्ने (एकिकृत वस्ती विकास गर्ने ) |
| ३.३ | नमुना उत्थानशिल समुदायको विकास गर्ने (उदाहरणको लागि एक पालिका एक टोल) |
| ३.४ | जोखिमको आधारमा स्थानीय परम्परागत वस्तुकलालाई प्रवलीकरण र प्रोत्साहान गर्न आर्थिक र प्राविधिक सहयोग गर्ने । |
| ३.५ | आवश्यक पूर्वाधार जस्तैः सडक, बिद्युत, स्वास्थ्य, खानेपानी आपुर्तीलाई उत्थानशील बनाउने । |

**तालिका नं. २२: प्राथमिकताका क्षेत्र ३ अन्तर्गतको योजना**

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ साँफेवगर नगरपालिकाका सबै बिद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवनहरु लाई जलवायु परिवर्तन लगायत बहुप्रकोप जोखिमबाट सुरक्षित बनाउने । | सबै सार्वजनिक भवनहरुको भुकम्पीय परिक्षण गर्ने । | पुनःनिर्माण वा प्रवलिकरण गर्नुपर्ने । भवनहरुको तथ्याङ्क तयार हुने । | ४ बर्ष | १० लाख | प्राविधिक शाखा | वातावरण तथा विपद् ब्यवस्थापन शाखा | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | सबै संरचनाको जोखिम स्थिति स्पष्ट हुनेछ । |
| | बहुप्रकोप जोखिम अध्ययन गर्ने | बहुप्रकोप जोखिमको लेखाजोखा हुने । | ४ बर्ष | २५ लाख | प्राविधिक शाखा | वातावरण तथा विपद् ब्यवस्थापन शाखा | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | नगरपालिका को बहुप्रकोप जोखिम स्पष्ट हुने । |
| ३.२ संभावित उच्च जोखिमयुक्त वस्ती र घरहरुको पुनस्थापना गर्ने । (एकिकृत वस्ती विकास गर्ने) | उच्च जोखिमयुक्त वस्तीको स्थानान्तर गर्ने । | जोखिम रहित वस्तीको विकास हुने । | ४ बर्ष | २० करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, बिषयगत नीकायहरु | मध्यम | विकास साझेदार | स्रोत र प्राविधिक जनशक्ति को कमि | सुरक्षित आवास हुने । |
| | एकिकृत वस्ती विकासलाई प्रश्रय दिने । | व्यवस्थित वस्तीमा पूर्वाधार सेवा विस्तार गर्ने सहज हुने । | ४ बर्ष | ५ करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, बिषयगत निकायहरु | मध्यम | विकास साझेदार | स्रोत र प्राविधिक जनशक्ति को कमि | ब्यवस्थित आवास हुने । |
| ३.३ नमुना उत्थानशिल समुदायको विकास गर्ने (एक नगरपालिका एक टोलको विकास) | एक नगरपालिका एक जलवायुमैत्री गाऊको विकास हुने । | जलवायुमैत्री नगरपालिका भित्र गाऊको योजना बनेको हुनेछ । | बहु बर्षिय | ५ करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, बिषयगत निकायहरु | मध्यम | विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | जलवायुमैत्री गाऊको नमुना विकास हुनेछ । |
| ३.४ जोखिमको आधारमा स्थानिय परम्परागत | स्थानीय परम्परागत वास्तुकलाको पहिचान | धरातलीय यथार्थता अनुरुपको वास्तुकलाको | निरन्तर | बार्षिक १ करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, | मध्यम | आन्तरिक स्रोत र | प्राविधिक जनशक्ति | परम्परागत ज्ञान, सिप र प्रविधिको |

| प्राथमिकताका कार्य | रणनितिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौती | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वास्तुकलालाई प्रवलिकरण र प्रोत्साहन गर्ने आर्थिक र प्राविधिक सहयोग गर्ने । | र प्रवर्द्दन गर्ने । | विकास हुने । | | | | विषयगत निकायहरु | | विकास साझेदार | को कमि | संरक्षण हुने । |
| | परम्परागत वास्तुकलाको उपयोगलाई प्रोत्साहन गर्न आर्थिक र प्राविधिक सहयोग गर्ने | स्थानीय र मौलिक सौन्दर्ययुक्त संरचनाको उपयोगले प्रश्रय पाउँछ । | निरन्तर | २ करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, विषयगत निकायहरु | मध्यम | विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | वस्ती र संरचना सवल र सौन्दर्यकृत हुने । |
| ३.५ अत्यावश्यक पूर्वाधार जस्तैः सडक, बिद्युत, स्वास्थ्य, खानेपानी आपुर्तीलाई उत्थानशील बनाउने । | पुर्वाधार संरचनाको विकास गर्दा जोखिम लेखाजोखा गर्ने । | नयाँ संरचना बनाउँदा जोखिम संवेदनशीलता कायम हुने । | निरन्तर | बार्षिक २ करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, विषयगत निकायहरु | उच्च | विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | जोखिम रहित संरचनाको विकास हुने । |
| | बिद्यमान पुर्वाधार संरचनाको जोखिम लेखाजोखा गर्ने । | संरचनाको स्तरोन्नति गर्ने आधार तयार हुने । | २ बर्ष | ३० लाख | प्राविधिक शाखा | नगर कार्यपालिका, विषयगत निकायहरु | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | जोखिमयुक्त संरचनाको पहिचान हुने । |
| | जलवायु परिवर्तन र धरातलीय चाँप अनुरुप जोखिम उत्थानशीलता बढाउने । | बिपद् तता जलवायु उत्थानशीलता अभिवृद्दि हुने । | निरन्तर | बार्षिक १ करोड | प्राविधिक शाखा | नगर कार्यपालिका, विषयगत निकायहरु | उच्च | विकास साझेदार | प्राविधिक जनशक्ति को कमि | सामना गर्नसक्ने क्षमताको विकास हुने । |

### ३.२.४ प्राथमिकताका क्षेत्र ४- प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| प्राथमिकाताका कार्य | |
|---|---|
| ४.१ | स्थानीय स्तरको आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य केन्द्रको स्थापना र योजनाको तयारी । |
| ४.२ | स्वयम् सेवक समूहको गठन र परिचालन । |
| ४.३ | विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्यदल गठन र परिचालन |
| ४.४ | आवधिक अभ्यास र नमुना घटना अभ्यास संचालन । |
